# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २१ | २०७३ मङ्सिर १३ गते सोमबार | Monday, Nov 28, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी मुगुको सेक्रेटरीमा सुरबहादुर बुढा

**रारा ।** नेकपा (क्रान्तिकारी माओवादी)का भेरी कर्णाली संयोजक धनजित शाही'आदर्श'को प्रमुख आतिथ्यतामा हालै सम्पन्न एक भेलाले मुगु जिल्लाको पार्टी सेक्रेटरीमा सुरबहादुर बुढालाई चुनेको छ । त्यसैगरी जिल्ला सहसेक्रेटरीमा इटोल लामालाई चुनेको छ भने कार्यालय सचिवमा शेर बहादुर सेजुवाल चुनिएका छन् । जिल्ला सदस्यहरुमा क्रमशः बखत बहादुर बडुवाल, अंक बहादुर विक, जिल्लासिड बोहोरा, आङडाक लामा, देवीसिंह भाम, बेलदरा बडुवाल, सर्जन बोहोरा, धनबहादुर विक, जीवन सेजुवाल, नौलासिङ नेपाली, अमृत विक, नन्दलाल बडुवाल, मयराम बोहोरा, दानसिंह विक, सुरबहादुर साउद, मयराम बोहोरा, पुलती बुढा, कुशा सेजुवाल, सिंहबहादुर बुढा, गोकर्ण नेपाली, खम्मेनी भाम, जनमाया नेपाली र सुरबहादुर साउद चुनिएका छन् । उक्त भेलाले जग्गी साउद र सिंह कुमाईलाई जिल्ला पार्टीको सल्लाहकारमा चुनेको छ । यसैबीच, उक्त भेलाले देजमो मुगुको संयोजकमा इटोल लामा र सहसंयोजकमा बखतबहादुर बडुवाललाई तोकेको छ ।

# 'जनविरोधी संविधान खारेज गर !'




◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

**काठमाडौं ।** पूर्व घोषित कार्यक्रम अनुसार नेकपा (क्रान्तिकारी माओवादी)ले शुक्रबार राष्ट्रियता, जनतन्त्र र जनजीविका विषयलाई लिएर देशैभर विरोध प्रदर्शन गरेको छ । प्रदर्शनको क्रममा क्रान्तिकारी माओवादीका जिल्लादेखि केन्द्रीय नेताहरुले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको क्षेत्रमा देखिएका गम्भीर समस्याहरुको समाधान विद्यमान राज्यव्यवस्था, संविधान र संशोधनको संशोधन गर्न नसक्ने भन्दै वर्तमान संविधानको खारेज गरी जनताको संघीय गणतन्त्रमा आधारित संविधान जारी गर्नुपर्नेमा जोड दिएका छन् ।

'जनविरोधी संविधान खारेज गर !, सन् पचास, २५ बुँदे लगायत भारतीय शासकवर्गसँग गरेका सम्पूर्ण असमान सन्धि सम्झौता खारेज गर !, महंगी र कालोबाजारीको नियन्त्रण गर !, भ्रष्टचारीहरुलाई कारबाही गर !'लगायतका नाराहरुका साथ राजधानीलगायत ७५ वटै जिल्लाका सदरमुकामहरुमा विरोध प्रदर्शनमा निस्किएका हजारौं क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरुले जनविरोधी संविधानको खारेजीलाई विशेषरुपले जोड दिएका थिए ।

पार्टीकोनेवाराज्यकोआयोजनामाकाठमाडौंको रत्नपार्क शान्ति बाटिकाबाट निकालिएको विरोध ऱ्याली असन, इन्द्रचोक, विशालबजार, न्यूरोड हुँदै भोटाहिटीमा पुगेर विरोध सभामा परिणत भएको थियो । पार्टीकी केन्द्रीय सदस्य शारदा महतले संचालन गरेको विरोध सभालाई पार्टीका बरिष्ठ नेता तथा देशभक्त ... बाँकी ७ पेजमा

## क्यास्ट्रोप्रति क्रान्तिकारी माओवादीको श्रद्धाञ्जली

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)ले आइतबार एक विज्ञप्ती जारी गर्दै क्युबाली क्रान्तिका नायक फिडेल क्यास्ट्रोलाई साम्राज्यवादविरोधी एक देशभक्त राजनीतिक योद्धाको रुपमा सम्मान गर्दै उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टीका अध्यक्ष मोहन वैद्यद्वारा हस्ताक्षरित श्रद्धाञ्जली वक्तव्यमा भनिएको छ, "२६ नोवेम्बर २०१६ मा क्युबाका पूर्व राष्ट्रपति तथा एक देशभक्त राजनीतिक योद्धा फिडेल क्यास्ट्रोको ९० वर्षको उमेरमा निधन भएको छ । उनको नेतृत्वमा क्युबाको पुरानो सकारलाई पल्टाएर नयाँ सरकार बनाइएको थियो । उनलाई सन्ताच्यूत गर्न अमेरिकी साम्राज्यवादद्वारा धेरै असफल प्रयत्न गरियो । उनी साम्राज्यवादको विरोध र देशभक्तिको पक्षमा सशक्त रुपमा उभिए । उनको निधनवाट क्युबा मात्र होइन विश्वले समेत एउटा सच्चा देशभक्त मित्र गुमाएको अनुभूति भएको छ । यस दुःखद अवसरमा हाम्रो पार्टी सामान्तवाद विरोधी एक देशभक्त योद्धा तथा मित्रप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, शोक सन्तप्त क्युबाली जनताप्रति हार्दिक समवेदना समेत व्यक्त गर्दछ ।"

## संशोधनको नाममा मुलुकलाई सिक्किमीकरण गरिदैछ : गजुरेल




**काठमाडौं ।** देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी)का नेता सिपी गजुरेलले संविधान संशोधनको नाममा सत्तारुढ पार्टीहरुले मुलुकलाई सिक्किमीकरण गर्न लागेको आरोप लगाएका छन् ।

पूर्व घोषित कार्यक्रम अनुसार पार्टीको नेवा राज्यले शुक्रबार दिउसो काठमाडौंको रत्नपार्कमा आयोजना गरेको विरोध ऱ्यालीलाई सम्बोधन गर्दै नेता गजुरेलले भने, "संविधानलाई संशोधन गरिदैछ । यो मुलुकमा अर्को राष्ट्रघात थापर्ने र मुलुकलाई सिक्किमीकरण गर्ने षड्यन्त्र हो । वास्तवमा यो संविधान ... बाँकी ७ पेजमा

## देजमोको संगठन विस्तार अभियान जारी

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

देजमो, नेपालको संगठन विस्तारले तीव्रता लिइरहेका समाचारहरु प्राप्त भएका छन् । क्रान्तिकारी संयुक्त मोर्चामा बढ्दो जनआकर्षणले मोर्चाका नेताहरु समेत उत्साहित हुन पुगेका छन् । मोर्चाको केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले जनाए अनुसार बाँकी रहेका विभिन्न जिल्लाहरुमा संगठन विस्तार उत्साहवर्द्धक रुपमा अगाडि बढिरहेको छ ।



**देजमो नवलपरासी संयोजकमा वृजदेव पाण्डे**

नवलपरासी । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा अवध राज्य संयोजक प्रेमनाथ सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न देजमो नवलपरासी एक भेलाले वृजदेव पाण्डेको संयोजकत्वमा ३५ सदस्यीय जिल्ला कमिटि गठन गरेको छ । पार्टीका केन्द्रीय सदस्य अशोक लम्सालको समेत उपस्थिति रहेको उक्त भेलाको अध्यक्षता मोर्चाका केन्द्रीय सदस्य समेत रहेका वृजदेव पाण्डेल गरेका थिए भने संचालन पार्टीका जिल्ला सेक्रेटरी क्षेत्रबहादुर थापाले गरेका थिए ।

उक्त भेलाले देजमो नवलपरासीको सहसंयोजकमा दुर्गा पौडेल र चुडामणी भण्डारी चुनिएका छन् भने सचिवमा रवि पाण्डे र कोषाध्यक्षमा कल्पना गौतम चुनिएका छन् । त्यसैगरी जिल्ला सदस्यहरुमा विनोद थापा, राम आश्रय कमाल, गीता पाण्डे, धनन्जय पौडेल, बोल्गा नेपाल, पिताम्बर फालमगर, श्यामबहादुर कुमाल, उत्तम थापामगर, खड्गबहादुर बाह्रघरे, उर्मिला थापा, पिताम्बर तिवारी, रामचन्द्र गौतम, दुर्गा चौधरी, चुडामणी भण्डारी, रामकुमार श्रेष्ठ, भोला रिजन, ... बाँकी ७ पेजमा

## हेरौं, इतिहासले कसलाई कहाँ पुऱ्याउँछ !

मुलुकमा राष्ट्रियताको प्रश्न गम्भीर बनेर आएको छ । नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को संयुक्त गठबन्धन सरकारले यतिखेर राष्ट्रको बागडोर समालेको छ र यसले नेपालका महत्वपूर्ण आन्तरिक स्रोतलाई भारतमा सुम्पने भित्री तयारी गरेको कुरा सतहमा आएका छन् । भारतीय विस्तारवादपरस्त नेकासँगै आफूलाई परिवर्तित गरेको माकेको यो गठजोडले इतिहासका थुप्रै अपराधमा अर्को अपराध थप गर्ने निश्चित छ ।

अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको चपेटामा नेपाली जनता पिसिदै आएका छन् । विदेशी शक्तिहरुको आमन्त्रण र चलखेल निकै डरलाग्दो रुपमा हुँदै आएको छ । यसलाई बढाउन नेपालका दलाल शक्ति सक्रियतापूर्वक संलग्न रहिआएका छन् ।



डा. जगदिशचन्द्र भण्डारी

अहिले सरकारमा नेकपा (माके)को नेतृत्व छ र यसका प्रमुख पुष्पकमल दाहालको गतिविधि र कार्यकलाप राष्ट्रविरोधी रहेको तथ्यलाई २५ बुँदे सहमतिले पुष्टि गर्दछ । भारतको नेपालप्रतिको हेपाहा र प्रभुत्वमुखी व्यवहारले नेपालको सार्वभौमिकता र अखण्डतामाथि नै प्रहार भएको छ र उसका त्यस किसिमका प्रवृत्तिको विरोधमा यहाँका सच्चा देशभक्त तथा क्रान्तिकारी शक्तिहरुले संघर्ष गर्दै आएका छन् । क्रान्तिलाई प्रतिक्रान्तिमा रुपान्तरण गरी संसदीय व्यवस्थामा हाम फालेका पुष्पकमल दाहाल र उनको मण्डली यतिबेला भारतीय विस्तारवादसामु नतमस्तक बनेको छ र मार्क्सवाद-लेनिनवाद-माओवादका आधारभूत सिद्धान्तको खिल्ली उडाएको छ । कांग्रेस र एमालेको संसदीय दुर्गन्धको आहालमा डुब्दै गरेको माके र यसको नेतृत्वको राष्ट्रिय आत्मसमर्पणवादी प्रवृत्ति जनवादी क्रान्तिका निम्ति एकदमै हानिकारक र जनद्वेषी छ ।

नेपाली जनताको पौने शताब्दीको साम्राज्यवाद र विस्तारवादविरोधी संघर्षलाई आत्मसमर्पणमा बदल्नु, अर्धसामन्ती र अर्ध/नवऔपनिवेशिक अवस्थालाई नै स्वीकार्नु अनि क्रान्तिकारी मालेमावादी सिद्धान्तलाई छोड्नु, बुर्जुवामुखी 'समाजवादी' कार्यदिशा अँगाल्नु र जनवादी क्रान्ति त्याग गर्नु तथा सर्वहारा अधिनायकत्वका बारेमा मौन रहनु जस्ता पराजयमुखी र आत्मसमर्पणवादी धारतर्फ लम्कनु आदि माकेको विचलन र वैचारिक स्खलन हुन् । यसैको अभिव्यक्तिको रुपमा पुष्पकमल र उनको मण्डली देखापरेको छ ।

क्रान्तिकारी शक्तिले बहिस्कार गरेको कथित दोस्रो संविधानसभाद्वारा संविधान निर्माण गरे पनि त्यसले नेपाली जनताका समस्याको समाधान नगर्ने निश्चितै छ भने फेरि संविधान संशोधनको भारतीय डिजाइनलाई पुष्पकमल दाहालको सरकारले लागुगर्ने प्रयत्न गरेको छ । भौगोलिक क्षेत्रको पुरानै ढाँचाको संरचनालाई संघीयता मानेको कथित संविधान आफैमा रोगग्रस्त छ । यसको संशोधनबाट नेपाली जनताका जनतान्त्रिक अधिकारको सुनिश्चितताभन्दा पनि विस्तारवादको निर्देशन र प्रभुत्वको पक्षता नै बढी प्रकट हुने स्पष्ट छ ।

राष्ट्रिय आत्मसमर्पणवादी र सर्वहारावर्गविरोधी संसदवादी प्रवृत्ति नेपाली जनता र क्रान्तिविरोधी रहि आएको छ । नेपालको कम्युनिष्ट आन्दोलनका निम्ति खतरनाक रहेको उक्त प्रवृत्तिकै कारण कम्युनिष्ट आन्दोलन खास अवस्थामा प्रतिक्रान्तिमा परिणत हुन पुगेको छ । नायक खलनायक, निरिह, हुतिहारा, विचारविहीन कागजको पुत्ला सरह हुन पुगेको इतिहासजस्तै नेपाली क्रान्तिको इतिहासमा देखापरेको छ । दलाल र वर्गशत्रुमा रुपान्तरित हुन पुगेका पुष्पकमल र उनको गुट अहिले जनघात र राष्ट्रघातका निम्ति आफूलाई बलियोसँग उपस्थित गराउने सन्दर्भमा नै भारतीय विस्तारवादको अंग बन्ने कसरत गरेको हो ।


वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादीको राष्ट्रविरोधी र जनविरोधी षड्यन्त्र तथा चालबाजीको गम्भीर खतरालाई नै नेपालको क्रान्तिकारी शक्तिले प्रतिरोध गर्दै आएको छ । नेपालका जनताको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतासँगै जनतान्त्रिक अधिकार प्राप्तिको संघर्षलाई अगाडि नबढाएकोसम्म दलाल शक्तिहरुले राष्ट्र र जनतालाई पराधीन बनाइ राख्ने छन् भन्ने निर्क्यौलमा क्रान्तिकारी शक्ति र जनता पुगेका छन् । राष्ट्र र राष्ट्रियता बचाउने संघर्षमा सर्वहारा तथा उत्पीडित वर्ग अगाडि रहँदै आएका छन् । इतिहासमा त्यागपूर्ण संघर्षमा बलिदान दिने सहिदहरु जस्तै सहिद हुन तयार लाखौं संख्या हाम्रा अघि उपस्थित छन् । हेरौं, इतिहासले कसलाई कता पुऱ्याउँछ !

## नोटबन्दीका विरुद्ध नेपाली एकता समाज भारत आन्दोलित

◆ **वर्गदृष्टि संवाददाता**/दिल्ली

नेपाली एकता समाज भारत मादी सरकारले ५०० र १००० का नोटहरुको प्रतिबन्ध लगाएपछि आन्दोलनमा उत्रिएको छ । खुल्ला सिमानाले गर्दा मौसमी काममा भारत आउनेजाने नेपालीहरु ठूलो मारमा परेको भन्दै नोटबन्दी फिर्ता लिन मोदी सरकारसँग माग गरेको छ ।

समाजका महासचिव विष्णु शर्माले नोभेम्बर १९ मा निकालेको विज्ञप्तीमा भनिएको छ, सरकारले ५०० र १००० को नोटहरूमा प्रतिबदले प्रवासी नेपालीहरूलाई धेरै समस्या परेको छ । खुल्ला सीमानाले गर्दा मौसमी काम गर्न प्रतिबदले प्रवासी नेपालीहरूलाई धेरै समस्या परेको छ । खुल्ला सीमानाले गर्दा मौसमी काम गर्न भारत आउने



सम्माननीय प्रधानमन्त्री ज्यु,
नेपाल सरकार
मार्फत नेपाल राजदूतावास
बाराखम्बा रोड,
नयाँ दिल्ली-110001

**विषय**:- नोटबंदी पछि नेपाली नागरिकहरुलाई भोग्नु परेको समस्या प्रति ध्यानाकर्षण सम्बन्धी ।

प्रधानमन्त्री ज्यु,

भारत सरकारले हालैमा गरेको 500 र 1000को नोटबंदीको फैसलाले हामी प्रवासी नेपालीहरुल सामुना गर्न बाध्य गराएको छ । भारतमा लाखौं प्रवासी नेपालहरुले बसोबास गर्दै जीविका आर्जन नेपालीहरु मध्ये बहुसंख्यक नेपालीजन असंगठित क्षेत्रमा दैनिक मजदूरको रुपमा काम गर्दै अ ध्यानमा छ । यस्ता नेपालीहरु समक्ष कुनै पनि भारतीय दस्तावेज न भएकोले गर्दा प्रायः बैंक ख हुनछन् । साथै नेपाली नागरिकताले भारतमा बैंक खाता खुल्दैंन । अतः कठिन श्रमले आर्जन गरिए सक्ने स्थिति पैदा भएको हामीलाई महसूस भई रहेको छ ।

हामी यो कुरा तपाईको ध्यानमा ल्याउन चाहेका छौं र तपाईसित हाम्रो अनुरोध के अनुरोध छ भने त स्थिति नेपाली राजदूतावास मार्फत नागरिकताको आधारमा अथवा अन्य नेपाली दस्तावेजको अ बंदोबस्त गरियोस । नेपाली नागरिकताको आधारमा पैसा साट्ने काउंटर दूतावासमा खोल्ने अनुरोध छ । साथै, अन्य प्रदेशहरु लगायत जिल्लाहरुमा पनि नेपाली नागरिकहरुकालागि व्यवस्था मिलाउन यो काम तत्काल हुनु पर्ने खाँचो छ किनकि भारत सरकारले तोकेको 50 दिनको मियाद 30 दिस समाप्त हुन गई रहेको छ र त्यस पछि साट्ने कुरा झन् जटिल र प्रायः प्रायः असंभव हुने छ । नेपालीहरुको यस समस्य प्रति नेपाल सरकारले देखाएको उदासीनताले हामीलाई अत्याधिक मर्मह र हामी पीडित महसूस गरि रहेका छौं ।

नेपालीहरू त खासै समस्यामा परेका छन् । साथै दिल्ली र अन्य महानगर र शहरहरूमा काम गर्ने र बैंक खाता न भएका नेपालीहरूलाई आफ्नो पैसा साट्न ठूलो समस्या परेको छ ।"

विज्ञप्तीमा अगाडि भनिएको छ, "हामी भारत सरकारलाई के कुरा बुझ्न अपील गर्दछौं भने नेपालीहरूको नागरिकताले भारतमा बैंक खाता खोल्न मिल्दैंन साथै उनीहरूको आधार कार्ड अथवा पेन कार्ड समेत हुन्दैंन । तसर्थ, नेपालीहरूले आफ्नो रगत र पसिनाको कमाई लुटिएको महसूस गरिरहेक छन् । हामी भारत सरकारलाई नेपालीहरूको यस समस्यको ... बाँकी ४ पेजमा

## सम्पादकीय

# देशभक्तिको पर्याय क्यास्ट्रोलाई सलाम !

२६ नोभेम्बर, २०१६ मा क्युवाका पूर्वराष्ट्रपति फिडेल क्यास्ट्रोको निधन भएको छ । उनको मृत्युमा विश्वभरिबाट दुःख व्यक्त गर्ने तथा उनीप्रति श्रद्धाञ्जली दिनेहरुको आइरो नै लागेको छ। नेपालका राजनीतिक पार्टीहरुले पनि श्रद्धाञ्जली दिएका छन् । नेपाली कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनको वैचारिक केन्द्रको रुपमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)ले पनि क्यास्ट्रो निधनबाट विश्वले सच्चा देशभक्त मित्र गुमाउन पुगेको भन्दै क्यास्ट्रोप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ।

फुल्जेनिको बातिस्ता र जाल्देभरले सन् १९५२ मा क्युबाको सत्ता हत्याएपछि भूमिगत रुपमा विद्रोह थालेका फिडेल क्यास्ट्रोले जनताको ठूलो समर्थनमा र चे ग्वेभराको सहयोगमा १९५९ डिसेम्बर २ मा क्युवामा क्रान्ति सफल पारे। फिडेलको सत्तालाई अमेरिकाले अवैध घोषणा गऱ्यो। र, नाकाबन्दी लगायो । फिडेलले पनि संयुक्त राज्य अमेरिकाले क्युबामा लागू गरेको पुँजीवादी व्यापार रणनीतिलाई खारेज गरेर सबै विदेशी कम्पनीहरुलाई सरकारीकरण गरिदिए । त्यसको लगत्तै उनले सोभियत युनियनसँग व्यापार सम्झौता गरेर अमेरिकाकासँगको सबै सम्बन्ध तोडिदिए । अमेरिकी साम्राज्यवादको नाकैमुनि बसेर उसैको हैकमलाई निस्तेज पार्न उनी सफल भए । फलतः सन् १९६१ मा अमेरिकाले क्युबासँग सबै सम्बन्ध अन्त्य भएको घोषणा गऱ्यो। त्यसपछि अमेरिकाले क्यास्ट्रोलाई सत्ताच्युत गराउन सबैखाले हत्कण्डा प्रयोग गऱ्यो, तर उसका सबै प्रयासहरु निष्प्रभावी बने । न्यूज एजेन्सीहरुले दावी गरेका छन्, अमेरिकाले क्यास्ट्रोको हत्या गर्न ६३४ पटक प्रयास गरेको थियो।

सन् १९५९ देखि सन् १९७६ सम्म प्रधानमन्त्री भएका फिडेल त्यसपछि सन् २००८ सम्म क्युबाको राष्ट्रपतिको भूमिकामा रहेका थिए। अमेरिकी माओवादी लेखक रेमण्ड लोट्टाले ‘फिडेल कम्युनिष्ट नभएको र क्युवा पनि समाजवादी देश नभएको’ दावी गरेका छन् । तर उनलाई कतिपयले माक्सवादी र लेनिनवादी भएको दावी गर्छन्। जे भए पनि उनी एक इमान्दार क्रान्तिकारी र प्रतिबद्ध राष्ट्रवादी थिए। उनको शासनकालमा उद्योगधन्दाहरु राष्ट्रियकरण गरिए, राज्यको हरेक क्षेत्रमा मौलिक खालको समाजवादी व्यवस्थाको अभ्यास गरियो।

केन्द्रीय आर्थिक नीति लागू गर्दै स्वास्थ्य र शिक्षालाई क्यास्त्रोले पूर्ण रुपमा सरकारीकरण गरेका थिए। कुनै पनि बालबालिका शिक्षाबाट विमुख हुनु नपरोस् र कोही पनि बिरामी भएर आर्थिक अवस्थाकै कारणबाट मर्नु नपरोस् भन्ने उनको सिद्धान्तलाई क्युबाली जनताले साथ दिए। उनकै नेतृत्वमा असंलग्न आन्दोलनको स्थापना भयो। जुन १९७९ देखि १९८३ सम्म चल्यो । सन् २००० मा उनले ल्याटिन अमेरिकाका अन्य देशहरुसँग मिलेर ‘पिङ्क टाइड’ नामको छुट्टै देशहरुको समूह बनाए, जसमा भेनेजुयलाको मुख्य उपस्थिति थियो।

फिडेलले आफ्नो शासनकालभरि क्युवामाथि अमेरिकी साम्राज्यवादको छायाँ पनि पर्न दिएनन्। सानो र आर्थिक रुपले विपन्न राष्ट्र भएर पनि क्युवालाई स्वाधीन र आत्मनिर्भर बनाउन सफल राष्ट्रभक्तिका पयार्य क्यास्ट्रोबाट कम्तिमा नेपालका राष्ट्रिय आत्मसमर्पणवादी शासकहरुले सिक्न जरुरी छ।

भारतीय विस्तारवादका सामु लम्पसार पर्ने नेपालका शासकहरुले फिडेल क्यास्ट्रोबाट पाठ सिकेर नेपाललाई स्वाधीन र आत्मनिर्भर बनाउन प्रयास गरे प्राकृति स्रोत साधनले समृद्ध नेपाल साँच्चै समृद्ध हुने थियो। लम्पसारवादी शासकहरु र दलका नेताहरुले बेलैमा फिडेलबाट सिकून र नेपालको स्वाधीनता, सार्वभौमिकता र स्वाभिमानलाई बरकरार राख्न सकून । सन् पचासको सन्धि, २५ बुँदे लगायत भारतीय विस्तारवादसँग गरिएका सबै राष्ट्रघाती सन्धिसम्झौताको खारेज गर्न शासकहरुलाई फिडेल क्यास्ट्रोबाट उत्प्रेरणा मिलोस् । देशभक्तिका पर्याय फिडेल स्यास्ट्रोलाई सलाम ! हार्दिक श्रद्धाञ्जली !



**परिवर्तनको सम्वाहक**




सत्यतथ्य निशपक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# नयाँ ढङ्गको पार्टी निर्माणको आधार



– प्रेम सुवेदी

कम्युनिष्ट आन्दोलनलाई नयाँ उचाईमा विकास गर्न वैचारिक, राजनैतिक र संगठनात्मक मूल्य मान्यता तथा संघर्षका बीचबाट क्रान्तिकारीहरुको ध्रुवीकरण गर्नु समयको माग र आवश्यकता हो । समयको त्यो माग र आवश्यकतालाई पुरा गर्ने उद्देश्यलाई केन्द्रमा राखेर ध्रुवीकरण तथा पार्टी निर्माणको लागि क्रान्तिकारी नेतृत्वले पहल गर्न जरुरी छ। छरिएर रहेका क्रान्तिकारीहरुलाई एकतावद्ध गरेर नै आन्दोलनलाई नयाँ उचाईमा उठाउन सकिने छ। तर, त्यो कार्य त्यति सजिलो र सहज छैन। त्यसका लागि सामान्य प्रकारको अपील वा आव्हानले मात्र पुरा हँदैन। ध्रुवीकरण तथा नयाँ ढङ्गले पार्टी निर्माण गर्ने कुरासँग मुख्यतः विचार, राजनीति नै केन्द्रीय विषय हुन्।

राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थिति क्रान्तिका लागि सकारात्मक तथा अनुकूल बन्दै गएको छ। तर, क्रान्तिकारी शक्तिहरुको आत्मगत परिस्थिति त्यति राम्रो देखिदैन। जसले गर्दा वस्तुगत हिसाबले क्रान्तिको माग तथा अवसरवादीहरुको तर्फबाट, अर्को क्रान्तिकारी तथा मालेमावादी दृष्टिकोणबाट । त्यो स्वभाविक विषय पनि हो।

कम्युनिष्ट आन्दोलनको सामान्य मान्यता, एउटा देशमा सर्वहारावर्गको एउटै पार्टी हुन्छ र हुनुपर्दछ भन्ने नै हो। तर, त्यो स्थिति हाम्रो देशमा मात्र होइन विश्वमा पनि विरलै देखिन्छ । यसो हुनुमा सर्वहारा वर्गको भरपर्दो अन्तर्राष्ट्रिय संगठन नहुनु पनि एउटा कारण हो । यसका साथै अरु कैयौ कारणहरु पनि योसँग सम्बन्धित छन् । त्यसतर्फ चर्चा गर्नुभन्दा पनि नेपालको क्रान्तिकारी आन्दोलनलाई कसरी ध्रुवीकरण गर्ने, त्यसका आधारहरु के हुने, कसरी गर्ने भन्ने कुरा नै अहिलेको मुख्य विषय हो।

नेपालमा कृयाशिल आफूलाई कम्युनिस्ट भन्ने समूह वा पार्टीहरु सबै कम्युनिस्ट आन्दोलनका मूल्य, मान्यता र आर्दशमा छन् भन्ने होइन। ती मध्ये अधिकांशले संशोधनवादी तथा अवसरवादी दिशा समातेका देखिन्छ। यसप्रकारको गलत चिन्तन र दृष्टिकोणका आधारमा होइन, सही मालेमावादी विचारको जगमा नै पार्टीको निर्माण र ध्रुवीकरण गर्न जरुरी छ। यस सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को हालै सम्पन्न केन्द्रीय सचिवालयको बैठक पश्चात् पार्टी अध्यक्ष मोहन वैद्य ‘किरण’ले जारी गरेको वक्तव्यमा भनिएको छ “विभिन्न घटकहरुमा छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरुलाई एकतावद्ध तुल्याउन नयाँ ढङ्गले क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्न र ध्रुवीकरणको प्रकृयालाई गति दिनका लागि आवश्यक पहल गर्ने निर्णय लिइएको छ।” उपरोक्त भनाईले ध्रुवीकरण तथा पार्टी निर्माणको प्रश्नमा ऐतिहासिक महत्व बोकेको कुरा स्पष्ट छ। मूख्यतः विभिन्न घटकमा रहेका क्रान्तिकारीहरुको बीचमा ध्रुवीकरण गर्दै नयाँ ढङ्गको पार्टी निर्माणमा जुटनु यतिवेलाको आवश्यकता हो । त्यो आवश्यकतालाई पुरा गर्ने उद्देश्य सहित नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले यो गरिरहे पनि आन्दोलनले ठीक दिशा र गति समात्न सकिरहेको छैन । क्रान्तिकारीहरुका लागि यो गम्भीर चुनौतिको विषय पनि हो । निश्चय नै चुनौति जहिले पनि सम्भावनासँग अन्तर-सम्बन्धित हुन्छ । सर्वहारा वर्गीय आन्दोलनले निकै धक्का खाएको र पुँजीवाद मूलतः साम्राज्यवाद पनि एकपछि अर्को रुपमा संकटमा पर्दै गएको पृष्ठभूमिमा क्रान्तिकारीहरुले सचेतापूर्वक सर्वहारा वर्गीय आन्दोलनलाई अगाडि बढाउन तथा समाजवादी आन्दोलनलाई निर्णायक बनाउने विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ।

उपरोक्त परिस्थितिप्रति ध्यान दिंदै कम्युनिस्ट आन्दोलनलाई नयाँ ढङ्गले पुनः निर्माण तथा ध्रुवीकरण गर्ने दिशामा ठोस र मुर्तरुपमा पहल गर्नु यतिवेलाको वस्तुगत आवश्यकता हो। तर, यो कार्य त्यति सजिलो र सहज अवश्य पनि छैन । कम्युनिस्ट आन्दोलनमा देखिएका वेग्ला वेग्लै प्रवृत्ति, चिन्तन र दृष्टिकोणहरुको राम्रो गरी समीक्षा नगरी पक्कै पनि आन्दोलनलाई अगाडि बढाउन कठिन छ । कम्युनिस्ट आन्दोलनको नाममा कृयाशिल थुप्रै समूहरु अहिले अस्तित्वमा छन् । ती सबै समूह वा पार्टीहरु एक भए हुन्थ्यो भन्ने चिन्तन पनि वामपन्थी जनमतमा छ। सामान्य रुपमा त्यसप्रकारको भावना आफैमा नराम्रो होइन। तर, त्यो भावनाले सही अर्थमा कम्युनिस्ट पार्टीको निर्माण र ध्रुवीकरण हुँदैन। कम्युनिस्ट पार्टीको निर्माणसँग जोडिएको आधारभूत कुरा विचार, राजनीति, संगठनात्मक मूल्य, मान्यता संघर्षसम्बन्धी मालेमावादी दृष्टिकोण तथा साँकृतिक रुपान्तरण जस्ता विषय मुख्य हुन्। यी विषयमा आधार भूत रुपमा सहमति भए स्वभाविक रुपमा ध्रुवीकरण हुने हो। ध्रुवीकरण तथा पार्टी निर्माणको कुरा मुख्यतः दुईवटा कोणबाट उठिरहेको छ । एउटा संशोधनवादी छन् । तिनै संशोधनवादी तथा नवसंशोधनवादीहरुले जनतामा कम्युनिस्ट आन्दोलनको नाममा विभिन्न भ्रम सिर्जना गर्न उनीहरु एकहदसम्म सफल पनि रहेका छन् । संशोधनवादी तथा नवसंशोधनवादका विरुद्ध वैचारिक राजनैतिक भण्डाफोर गर्दै मालेमावादी सिद्धान्तको जगमा नै क्रान्तिकारी आन्दोलनको निर्माण र ध्रुवीकरण सम्भव छ । यदि भावनाका आधारमा पार्टी निर्माण तथा ध्रुवीकरण गर्न खोजियो भने त्यो आफैमा अवसरवादको दलदलमा फस्नु बाहेक अरु केही हुनेछैन । तसर्थ, कम्युनिस्ट पार्टीको निर्माण र ध्रुवीकरण चर्चा गर्दा त्योसँग जोडिएका सिद्धान्त, राजनीति संगठन, संघर्ष र साँस्कृतिक प्रश्नहरुमा आधार भूत सहमति देखिनु पर्दछ । जसले समग्र रणनीति र कार्यनीतिको प्रतिनिधित्व गर्दछ । कतिपय अवस्थामा कार्यनैतिक प्रश्नमा संशोधनवादी, नवसंशोधनवादी र विभिन्न अवसरवादी शक्तिहरु क्रान्तिकारीहरु बीचमा समनता देखिन सक्दछ। तर, त्यो आधारमा पार्टी निर्माण ध्रुवीकरण गर्नु भनेको गंभीर प्रकारको भूल हुनेछ। जुन कुरा मार्क्सले गोथा कार्यक्रममा आलोचनामा स्पष्ट गरेका छन् । त्यस सन्दर्भमा भनिएको छ “सैद्धान्तिक प्रश्नमा कुनै मोलतोल हुन सक्दैन।” यो भनाईले नै स्पष्ट गर्दछ कि पार्टी निर्माणसँग सिद्धान्तको कुरा कति महत्वपूर्ण हुन्छ । त्यसैले पार्टीको निर्माण वा ध्रुवीकरणको चर्चा गर्दा सस्तो लोकप्रियताको लागि होइन क्रान्तिकारी पार्टी निर्माणलाई केन्द्रमा राखेर पहल गर्नु पर्दछ।

नेपालको विशेषता वा विडम्बना के रहँदै आएको छ भने सिद्धान्त, विचार राजनीति र समग्र कम्युनिस्ट आन्दोलनलाई भन्दा पनि तत्कालिक लाभलाई केन्द्रमा राखेर पार्टी एकता वा विभाजन हुने कुरा सामन्य जस्तै नीतिलाई अगाडि बढाएको कुरा छर्लङ्ग छ। नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको अत्यन्त नकरात्मक पक्ष सामान्य मतभेदमा पनि पार्टी विभाजन गर्ने र समूह निर्माण गरेर पार्टी एकताका चर्चा गर्ने खेति पनि निकै चल्दै आएको छ । त्यो कुरा मूख्यत नेतृत्वका लागि वार्गेनिङ्ग(मोलतोल) गर्ने विषयसँग नै बढी सम्बन्धीत छ । यस प्रकारको चिन्तनले साँचो अर्थमा कम्युनिस्ट आन्दोलनको ध्रुवीकरण र पार्टी निर्माण हुदैन। तसर्थ, कम्युनिस्ट आन्दोलनलाई ध्रवीकरण गर्न र नयाँ ढङ्गको पार्टी निर्माणका लागि सही कार्यदिशा, कार्यक्रम र नेतृत्व अनिवार्य हुन्छ । यो विषयलाई ध्यानमा राखेर नै ध्रुवीकरण र पार्टी निर्माणमा जुट्नु पर्दछ । यतिवेला नेपालको कम्युनिस्ट आन्दोलन विभाजित मात्र होईन, विश्रृङ्खलीत समेत बन्न पुगेको छ । संगठनात्मक मूल्य मान्यताहरु विशेषतः लेनिनवादी संगठनात्मक सिद्धान्तका आधारमा भन्दा व्यक्तिका इच्छामा पार्टी चलाउने परम्पराले महत्व पाउदै गएको छ । त्यसप्रकारको चिन्तनले सही अर्थमा कम्युनिस्ट पार्टीको निर्माण तथा ध्रुवीकरणलाई भन्दा पनि अवसरवादलाई मलजल गर्दछ । त्यसप्रकारका गलत चिन्तन र दृष्टिकोणको फण्डाफोर गर्दै लेनिनवादी संगठनात्मक सिद्धान्तको जगमा पार्टीलाई ध्रवीकरण तथा निर्माण गरेर नै आन्दोलनलाई नयाँ उचाईमा उठाउन सकिने छ।

कम्युनिस्ट आन्दोलनमा देखिएको फुटपाथे प्रवृत्तिबाट पार्टीलाई माथि उठाउन तथा पार्टी निर्माण र ध्रुवीकरण गर्न क्रान्तिकारीहरुको एउटा ध्रुव अनिवार्य छ । त्यो ध्रुवको निर्माण मालेमावादको आलोकमा मात्र निर्माण हुन सक्दछ, र त्यसको वैचारिक नेतृत्व क्रान्तिकारी माओवादीले मात्र गर्न सक्दछ।


RBB SMART

**२ लाख भन्दा धेरै ग्राहकहरुले रुचाएको RBB Mobile Banking अब बनेको छ Smart !**

- SMS र Internet दुबै बाट चल्ने
- आफ्नो खाताको हरपल जानकारी लिने सरल तथा सुरक्षित माध्यम
- RBB को कुनै पनि खाताका साथै अन्य ४०+ बैंकहरुमा मोबाईलबाटै रकम स्थानान्तरण गर्न सकिने
- NTC/Ncell को Topup मा पाउनुहोस् २% छुट
- आफु नजिकको शाखा तथा ATM म्याप हेरी तुरुन्तै पत्ता लाउनुहोस्
- घरमै बसी गर्नुहोस Dish Home तथा अन्य थुप्रै सुविधाहरुको Payment



राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.

Rastriya Banijya Bank Ltd.
Central Office Singhadurbar Plaza, Kathmandu
Tel: (977-1) 425-2595
Fax: (977-1) 425-2931
E-mail: rbb.info@rbb.com.np

Technology provided by f1soft

# यो संविधानलाई खारेज गरी जनगणतान्त्रिक संविधान बनाउनु पर्दछ



**सिपी गजुरेल 'गौरव'**
अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

**प्रचण्डले अब नेपाललाई चीन बिरोधी अखडा बनाउन आधार तयार पार्ने र यसका कारण नेपाल कुरुक्षेत्र बन्ने स्थिति तयार भएको छ । नेपाललाई सिक्किमीकरण गर्ने गुरु योजनामा मोदी र प्रचण्ड अधि बढिरहेको अवस्थामा नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामा गम्भीर समस्या उत्पन्न भएको छ ।**

➲ ***युकेबाट दशदिने पार्टी काम सकेर आउनु भएको छ। समग्रमा कस्तो रह्यो युकेको बसाई ?***

हो, म बेलायतमा दश दिनको व्यस्त कार्यक्रम सम्पन्न गरेर फर्केको छु । जहाँसम्म त्यहाँको कार्यक्रमको कुरा हो, त्यो अत्यन्त सफल भयो । हामीले सोचेको भन्दा पनि धेरै राम्रोसँग सफल भयो । क्रान्तिकारी कम्युनिष्ट पार्टी र यसको प्रभावलाई सम्पूर्णरुपमा समाप्त पार्न नवसंशोधनवादीहरुले देशी,विदेशी प्रतिकृयावादी शक्तिहरुसँग मिलेर जुन अन्तिम प्रयास गरेका थिए, त्यो बेलायतमा पनि विफल भएको छ। त्यहाँबाट ६ जनालाई केन्द्रीय समितिमा भर्ति गरेका रहेछन्। अहिले लगभग ती ६ जना एकातिर र अरु बाँकी अर्कातिर हुनेजस्तो स्थिति देखापरेको छ। त्यहाँ पार्टी पुनर्गठनको काम सम्पन्न भएको छ। एउटा शानदार भेलाद्वारा यूकेमा भएका नेपालीहरुको साझा संगठन 'नेपाली एकता समाज, बेलायत' गठन गरिएको छ। त्यहाँ ठूलो संख्यामा रहेका भूतपूर्व गोरखा सैनिकहरु 'बीगेसो' भन्ने संगठनमा आवद्ध छन् । यस प्रकार झण्डै तीन लाख नेपालीहरुको बसोबास रहेको यूके नेपालमा हुने अग्रगामी परिवर्तनको पक्षमा संगठित भएको जस्तो अनुभूति भएको छ।

➲ ***नेपालमा जनयुद्ध हुँदा होस् वा भारतले नाकाबन्दी गर्दा होस्, त्यहाँका नेपालीहरुले सत्यतथ्य बाहिर ल्याउने र नेपाल र नेपाली जनताको पक्षमा अन्तरर्ष्ट्रिय जनमत निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । नेपालको माओवादी आन्दोलनमा आएको पछिल्लो विभाजन र यहाँको राष्ट्रिय राजनीतिप्रतिको बुझाइ चाहिं कस्तो पाउनुभयो ?***

हो, जनयुद्धको समर्थन, क.किरण र मेरो जीवन रक्षा र रिहाई अभियान र पछिल्लो चरणमा भारत सरकारद्वारा लगाइएको नाकावन्दीका बिरुद्ध त्यहाँका सचेत नेपालीले खेलेको भूमिका महत्वपूर्ण रहँदै आएको छ। विश्व राजनीतिको हिसाबले पनि, र संचारको हिसाबले पनि लण्डन अहिले पनि केन्द्रमा रहँदै आएको छ। जहाँसम्म फूट विभाजनको प्रभावको विषय छ, माकेको गाईजात्रा त्यहाँ हेर्न लायकको छ । नेपालमा जस्तै त्यहाँ चार पाँच वटा गूट आपसमा झगडा गरिरहेका छन्, किचलो गरिरहेका छन् । हाम्रो संगठन बनिसकेपछि इमान्दार कार्यकर्ताकालागि राहत जस्तो भएको छ । उनीहरु बिना पूर्वाग्रह धमाधम हाम्रा संगठनहरुमा आवद्ध भैरहेका छन् । क्रान्तिकारीहरु वीचको सुमधुर सम्बन्ध र एकताको वातावरण त्यहाँ बनिरहेको छ।

➲ ***युकेलगायत युरोपमा अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको विजयको प्रभाव चाहिं कस्तो परेको पाउनुभयो ?***

संसारकै लागि आश्चर्यमा पार्ने दुई वटा घटनाहरु मध्ये एउटा यूकेको जनमत संग्रह हो, जसमा त्यहाँका दुवै प्रमुख पार्टी- कन्जर्भेटिव र लेवरको मतका विपरीत त्यहाँका जनताले ब्रेक्जिट अर्थात् ब्रिटेन यूरोपियन यूनियनबाट बाहिरिनु पर्दछ भन्ने पक्षमा निर्णय गरे । अर्को हिलारी क्लिण्टनको विजय सुनिश्चित भएको प्रचारका विपरीत डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको चुनाव जिते । यसले त्यहाँका मानिस पनि रनभुल्लमा परेका छन् । डोनाल्ड ट्रम्पको बौलट्ठीपनले विश्वको राजनीतिले कुन मोड लिने हो भन्ने आशंका त्यहाँ जतासुकै देख्न सकिन्छ।

➲ ***क्रान्तिकारी माओवादीको युकेबाहेक अन्य देशहरुमा रहेका नेपालीहरुमा चाहिं प्रभाव कस्तो छ ?***

नेपालीहरुको संख्या र सचेतनाको हिसावले मुख्य भूमिका यूके कै हो। अन्य ठाउँमा नेपालीहरुको संख्या सीमित नै छ। ती ठाउँहरुमा नेपालीहरुमा राजनीतिक प्रभाव मिश्रित नै पाइन्छ।

➲ ***खाडी मुलुक लगायतमा श्रम बेचिरहेका नेपालीहरुको आधारभूत भौतिक सुरक्षा र तलव सुविधाका विषयहरु दिनदिनै पेचिलो रुपमा उठिरहेका छन्। यसबारेमा क्रान्तिकारी माओवादीको भनाइ के छ ?***

खाडी मुलुकमा श्रम बेचिरहेका नेपालीको हालत एकदम खराब छ। त्यहाँ पूरै अस्तव्यस्तता छ। त्यहाँ कसैको कुनै सुरक्षा छैन। यहाँ म्यान पावर कम्पनी र सरकारी कर्मचारी र मन्त्रीहरुको कमिसनको खेलका कारण कुनै भौतिक सुरक्षाको व्यवस्था नै नगरी मानिस पठाइदिने र त्यहाँ गैसकेपछि बिचल्ली हुने अवस्था छ । नेपालीको व्यवस्थाको हेरविचार गर्नुपर्ने नेपाली दूतावासले हो। सरकारकै देशभित्रको गाईजात्रा हेरिनसक्नु छ भने दूतावासबाट के आशा गर्ने ? संगठनहरु मार्फत् त्यहाँका नेपालीको सुरक्षाको व्यवस्था गर्नका लागि पनि त्यो भद्रगोलको अवस्थामा संगठन बनाउन पनि सहज छैन । हाम्रो पार्टीको धारणा के हो भने पहिलो कुरा त नेपाली युवालाई देशभित्रै रोजगारीको व्यवस्था गरिनु पर्दछ, त्यस प्रकारको असुरक्षित अवस्थामा आफ्ना नागरिकहरुलाई पठाइनु हुँदैन । दोश्रो कुरा, ती नेपालीहरुको भौतिक सुरक्षाको जिम्मा सरकारले लिनै पर्छ । आफ्नो राजदूतावास मार्फत् सरकारले यो काम तत्परताकासाथ गर्नुपर्दछ भन्ने हाम्रो धारणा हो।

➲ ***नेपाली युवाहरुको विदेश पलायन निकै कहालीलाग्दो छ । पन्ध्रसयभन्दा बढी युवा दैनिक वैदेशिक रोजगारीमा बाहिरिने र दैनिक तीनवटा लास नेपाल भित्रिने तथ्यांकहरुले देखाउँछ। यसलाई रोक्ने के नेपालसँग वैकल्पिक उपाय नभएकै हो त ?***

यो कुरा सत्य हो कि नेपालीहरुको विदेश पलायन वास्तवमा नै कहालिलाग्दो नै छ। नेपालसँग यसको विकल्प नै छैन र हुन सक्दैन भन्ने कुरा पनि गलत हो । मुख्यकुरा नेपालमा राजनीतिक समस्याको समाधान हुन सकेन र सरकारहरु गैरजिम्मेवार, विदेशीहरुका कठ्पुतली, भ्रष्टाचारी र कमिशनतन्त्रमा आधारित भए । त्यसैको परिणामस्वरुप देशको यो दुर्दशा भएको छ। यसको सही समाधान वास्तवमा राजनीतिक समस्या समाधान भएर मात्र संभव छ। त्यसैले नेपालमा राजनीतिक परिवर्तन र त्यसका निमित्त अर्को जनआन्दोलनको आवश्यकता भएको हो।

➲ ***दक्ष र अदक्ष जनशक्तिको यसरी बढ्दो विदेश पलायनले नेपालको राजनीतिलगायत समग्र क्षेत्रमा के कस्तो प्रभाव परेको र पर्नसक्ने देख्नुहुन्छ ?***

दक्ष र अदक्ष जनशक्तिको विदेश पलायनले नेपालको समग्र क्षेत्रमा धेरै नकारात्मक र एकहदसम्म घातक प्रभाव पारेको छ । दक्ष जनशक्तिको पलायनले नेपालमा 'ब्रेनड्रेन'को समस्या उत्पन्न भएको छ भने अदक्ष युवाहरुको पलायनले नेपालमा उत्पादक शक्तिको नितान्त अभाव सिर्जना भएको छ र उत्पादनमा सर्बत्र ह्रास उत्पन्न भएको छ। यसप्रकार देश झन्झन् गरीब र परनिर्भर बन्दै गएको छ। यो स्थितिमा हामीले क्रान्तिकारी परिवर्तन ल्याउन सकेनौं भने नेपाल असफल राष्ट्रतिर धकेलिने खतरा पैदा भएको छ।

➲ ***नेपाली सस्तो श्रमलाई विदेशमा बेचेर रेमिट्यान्समा आधारित अर्थतन्त्र चलाउने राज्यव्यवस्था नै यसको लागि मुख्य जिम्मेवार देख्नुहुन्छ ?***

हो, यो राज्यव्यवस्था नै यसका निमित्त मुख्य जिम्मेवार छ।

➲ ***स्वदेशमै रोजगारीको सिर्जना गर्ने र आर्थिकरुपले नेपाललाई आत्मनिर्भर बनाउन चाहिं के के गर्नुपर्ला ?***

यसबारे विस्तृत व्याख्याको आवश्यकता पर्दछ, जुन यो छोटो अन्तर्वार्तामा संभव हुन्छ जस्तो लाग्दैन । तथापि, छोटकरीमा भन्नु पर्दा यसका निमित्त सर्व प्रथम, नेपाल विदेशी शक्तिहरुको हस्तक्षेपबाट मुक्त हुनु पर्दछ। यसका निमित्त नेपाल अहिलेको नव औपनिवेशिक अवस्थाबाट मुक्त हुनु पर्दछ । यो काम नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर मात्र सम्भव छ।

➲ ***नेपालमा राष्ट्रिय स्वाधीनता र आत्मनिर्भर अर्थतन्त्रको विषयमा निकै लामो समयदेखि बहसहरु हुँदै आएका छन् ? मुलुक अहिलेसम्म स्वाधीन र आत्मनिर्भर हुन नसक्नुको कारण चाहिं के देख्नुहुन्छ ?***

नेपाल अहिलेसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा रहँदै आएको छ । नेपालमा जुन परिवर्तन आयो भनिएको छ, त्यो अर्धसामन्ती अवस्थामा दलाल, नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको भूमिकामा आएको परिवर्तन मात्र हो । राज्यसत्तामा पहिले सामन्त वर्गको भूमिका प्रधान थियो भने अहिले दलाल र नोकरशाही पुँजीपति वर्गको भूमिका प्रधान भएको छ। आखिर, नयाँ जनवादी क्रान्ति पूरा नगरी यो समस्या समाधान हुनै सक्दैन। मुलुक स्वाधीन र आत्मनिर्भर बनाउन अरु कुनै विकल्प देखिँदैन।

➲ ***प्रसंग बदलौं । साम्राज्यवादी मुलुक अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको उदयले विश्वको राजनीति र क्षेत्रीय राजनीतिमा के कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?***

विश्वकै सबैभन्दा शक्तिशाली पद मानिने अमेरिकाको राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प जस्तो बौलट्ठी मानिसको विजयले कतै नयाँ विश्व युद्ध त हुने होइन ? कतै फासिवादतिर त जाने होइन ? भन्ने प्रश्न पनि उब्जिएको छ। यो आशंका मात्र हो भन्न पनि सकिन्न । तर, अमेरिकी साम्राज्यवाद एउटै राष्ट्रपतिको इच्छाबाट मात्र चल्ने संस्था होइन । समग्र राज्यसत्ताको प्रश्न प्रमुख हो । ती संस्थाले ट्रम्पलाई नियन्त्रण गर्ने छन् । चुनाव प्रचारको बेलाका ट्रम्पका भनाई र अहिलेका भनाईमा फरक देख्न थालिएको छ।

➲ ***पछिल्लो समय नेपालमा इण्डो-अमेरिकन शक्तिहरुको गतिविधि बढ्दै गर्दा अहस्तक्षेपकारी नीति लिएको चीनले 'एक चीन नीति'प्रति नेपालको धारणा माग्नुपर्ने स्थिति विकास भएको अवस्थामा त्यसले नेपालको सार्वभौमिकतामाथि कस्तो असर पार्न सक्ने देख्नुहुन्छ ?***

यो कुरा निश्चित हो कि नेपालमा इण्डो-अमेरिकन शक्तिहरुको गतिविधि खासगरी भारतको नरेन्द्र मोदी सरकारले नेका-माके गठवन्धन बनाएर प्रचण्डलाई प्रधानमन्त्री बनाएपछि ह्वात्तै बढेको छ । प्रचण्ड-मोदी २५ बुँदे सहमति, भारतीय राष्ट्रपतिको नेपाल भ्रमणको दौरानमा देखाइएको आत्मसमर्पण, चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको खारेजी, देउवाको दलाई लामासँगको साँठगाँठको खुलासा आदिले चीनको चासो बढ्ने अवस्था आएको हुनाले नै चीनले त्यसप्रकारको पत्र पठाउने अवस्था सिर्जना भएको हो भन्ने लाग्दछ। यसबाट प्रचण्डले अब नेपाललाई चीन बिरोधी अखाडा बनाउन आधार तयार पार्ने र यसका कारण नेपाल कुरुक्षेत्र बन्ने स्थिति तयार भएको छ। नेपाललाई सिक्किमीकरण गर्ने गुरु योजनामा मोदी र प्रचण्ड अघि बढिरहेको अवस्थामा नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामा गम्भीर समस्या उत्पन्न भएको छ । त्यसको निमित्त नेपालका सबै देशभक्त शक्तिहरु एकजुट भएर अघि बढ्नु आजको आवश्यकता बन्न गएको छ।


➲ ***फेरि प्रसंग बदलौं। राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषयमा आन्दोलनको तयारी चाहिं कस्तो छ ?***

पूर्व घोषित कार्यक्रम अनुसार मंसिर १० गते देशका सबै जिल्लामा विरोध प्रदर्शन गरियो। उत्साहपुर्णरुपमा साथीहरुको विरोध प्रदर्शनमा उल्लेख्य सहभागित रह्यो। यस्ता कार्यक्रमहरुलाई हामीले निरन्तरता दिइरहन्छौ । यसबाहेक संयुक्त आन्दोलनको आवश्यकता धेरैले महशुस गरेका छन्। कार्यक्रम बनाउने विषय अहिले वार्ता कै चरणमा छ । यसको ठोस कार्यक्रम बनिसकेको छैन । तर संयुक्त आन्दोलनका लागि राम्रो वातावरण चाहिँ बनेको छ।

➲ ***अन्तमा, अहिले संविधान संशोधनको चर्चासँगै अंगीकृत नागरिक संवैधानिक प्रमुख हुन पाउने, तराई/मधेशमा बढ्दो 'नवनागरिक'को बर्चस्व, हिन्दी भाषालाई राष्ट्रिय भाषाको मान्यता दिनुपर्ने र हिन्दु राज्यको पक्षमा मागहरु उठिरहेका छन्। यी विषयमा क्रान्तिकारी माओवादी तथा देजमोको धारणा प्रष्ट पारिदिनुहुन्थ्यो कि ?***

अहिले सत्तामा र सत्ता पक्षमा भएका दलहरुको एउटा उद्देश्य नै नेपाललाई भुटानीकरण गर्दै सिक्किमीकरण गर्नु हो। वैधानिक रुपमा नै यो कामलाई पूरा गर्नका निमित्त उनीहरु त्यसलाई सहज गराउने संविधान बनाउन चाहन्छन्। यो सबै तयारी त्यसैका निमित्त भैरहेको छ । त्यसकारण, हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चाको नीति यो संविधानलाई खारेज गरी जन गणतान्त्रिक संविधान बनाउनु पर्दछ भन्ने रहेको छ र हामी यसैका निमित्त संघर्ष पनि गरिरहेका छौं।

# अन्तरविरोधका विविध पक्षका सन्दर्भमा



–हस्तबहादुर केसी

**आन्तरिक अन्तरविरोधले नै सम्पूर्ण वस्तुहरु तथा घटनाहरुको विकासलाई निरुपण गर्ने भएकोले व्यावहारिक गतिविधिमा पनि सर्वप्रथम यिनै अन्तरविरोधहरुको उद्घाटन र समाधान गर्नु जरुरी हुन जान्छ तर बाह्रय अन्तरविरोधहरुलाई पनि बेवास्ता गर्नुहुँदैन किनभने विकासमा तिनको ठूलो भूमिका रहन्छ ।**

*'कुनै काममा धेरै अन्तर्विरोध छन् भने तीमध्ये एउटा नेतृत्वदायी र निर्णायक भूमिका भएको मुख्य अन्तर्विरोध हुनै पर्छ । जब बाँकी भएका अरूले गौण र सहायक स्थान लिएका हुन्छन् । अतः दुई वा बढी अन्तर्विरोध भएको कुनै जटिल कामको अध्ययन गर्दा हामीले मुख्य अन्तर्विरोधलाई पत्ता लगाउन हरेक कोशिस गर्नै पर्छ । एकचोटि या मुख्य अन्तर्विरोधलाई बुझेपछि सबै समस्याहरूको सजिलैसित समाधान हुन सक्छ ।'*

*- माओत्सेतुङ*

संसारमा अनगिन्ती अन्तरविरोधहरू हुन्छन् । दैनिक जीवनमा मानिसले निरन्तर यस्ता अन्तरविरोधहरूको सामना गरिरहेको हुन्छ । विभिन्न किसिमका विज्ञानले यिनै अन्तरविरोधहरूको विश्लेषण गर्दछन् । मार्क्सवादी द्वन्द्ववादले यी विज्ञानहरूका विपरीत अति आम अन्तरविरोधहरूको मात्र अध्ययन गर्दछ । ती मध्ये पनि यहाँ आन्तरिक र बाह्य, सत्रुतापूर्ण र सत्रुता रहित, प्रमुख र गौण अन्तरविरोध जस्ता ठूला र महत्वपूर्ण अन्तरविरोधहरू बारेमा चर्चा गर्ने प्रयत्न भएको छः

**आन्तरिक तथा बाह्य अन्तरविरोध**

मार्क्सवादी द्वन्द्ववादले सर्वप्रथम आन्तरिक तथा बाह्य अन्तरविरोधहरूको भेद छुट्टयाउनु आवश्यक र पहिलो शर्त ठान्दछ । आन्तरिक अन्तरविरोध भनेको निश्चित वस्तुहरूको परस्पर विरोधी पक्षहरूको संघर्ष हो । त्यस्तै निश्चित वस्तुको वरिपरिको परिवेशसित र त्यो परिवेशमा रहेका वस्तुहरूसित निश्चित वस्तुको विरोधाभासपूर्ण सम्बन्धलाई बाह्य अन्तरविरोध भन्दछन् ।

मार्क्सवादी द्वन्द्ववादका विरोधीहरू विकासमा अन्तरविरोधहरूको विभिन्न समूहको भूमिकालाई बङ्ग्याउँछन् । उनीहरू आन्तरिक अन्तरविरोधहरूको निर्णायक महत्वलाई अस्वीकार गर्दछन् र बाह्य अन्तरविरोधहरूलाई नै विकासको एक मात्र स्रोतको रूपमा हेर्दछन् । उनीहरूको दृष्टिकोण अनुसार वर्गविभाजित समाजको विकासको स्रोत परस्पर विरोधी वर्गहरूबीचको संघर्ष होइन, समाज र प्रकृतिका बिचको अन्तरविरोध हो तर विकासमा मुख्य र निर्णायक चाहिँ आन्तरिक अन्तरविरोध नै हुन्छ, जुन स्वयम् वस्तुमा सन्निहित रहन्छन् । वस्तुमा निहीत अन्तरविरोधहरू नै गतिका मुख्य स्रोत हुन् । यसप्रकारले मार्क्सवादी द्वन्द्ववादले पदार्थको आत्मगतिको रूपमा अर्थात् आन्तरिक गतिको रूपमा गतिको व्याख्या गर्दछ ।

आन्तरिक अन्तरविरोधहरूले स्वयम् वस्तुको स्वभाव र रूप निधा्रित गर्दछन् । त्यसै कारणले ती विकासका स्रोत हुन जान्छन् । आफ्नो आन्तरिक अन्तरविरोधभन्दा बाहिरी वस्तु त्यो रूपमा रहन सक्तैन, जुन रूपमा त्यो विद्यमान छ । जस्तो धनात्मक विद्युत नाभी र ऋणात्मक विद्युताणु-इलेक्ट्रोनहरूको 'संघर्ष'बिना जसरी अणुको अस्तित्व रहन सक्तैन, त्यसरी नै परिपाचन र विपाचन बेगर जीवाङ्गको पनि अस्तित्व रहँदैन इत्यादि ।

वस्तुमा पर्ने बाहिरी प्रभावहरू सदैव नै त्यसमा सन्निहित आन्तरिक अन्तरविरोधहरूको माध्यमबाट प्रकट हुन्छन् । यसमा पनि विकासमा आन्तरिक अन्तरविरोधहरूको निर्णायक भूमिका नै अभिव्यक्त हुन्छ । बाह्य परिवेशमा भएको परिवर्तनले जीवाङ्गहरूको विकासको निम्ति केवल प्रेरणात्मक धक्का मात्र दिन्छ तर विकासले कुन दिशा लिनेछ र कस्तो परिणाम उत्पन्न गर्छ भन्ने कुरा अन्ततोगत्वा जीवाङ्गमा रहेको उपापचायनको प्रकारमा नै निर्भर हुन जान्छ अर्थात् त्यो जीवाङ्गको निमित्त परिपाचन तथा विपाचनको अन्योन्यक्रियाको विशेषतामा त्यो निर्भर रहन्छ ।

समाजको विकासको स्रोत पनि त्यसैभित्र निहित हुन्छ । त्यसका आन्तरिक अन्तरविरोधहरूमा विद्यमान हुन्छ । कुन देशले कुन दिशातर्फ विकास गर्दै जानेछ र कुन देशमा कस्तो सामाजिक व्यवस्था स्थापित हुनेछ भन्ने कुरा त्यो देशमा आन्तरिक वर्गीय अन्तरविरोधहरू कसरी समाधान गरिन्छ भन्ने कुरामा निर्भर हुन्छ ।

भौतिक वास्तविकताका वस्तु तथा घटनाहरूको निम्ति आन्तरिक र बाह्य अन्तरविरोधहरू स्वाभाविक हुन्छन् । आन्तरिक अन्तरविरोधले नै सम्पूर्ण वस्तुहरू तथा घटनाहरूको विकासलाई निरूपण गर्ने भएकोले व्यावहारिक गतिविधिमा पनि सर्वप्रथम यिनै अन्तरविरोधहरूको उद्घाटन र समाधान गर्नु जरुरी हुन जान्छ तर बाह्य अन्तरविरोधहरूलाई पनि बेवास्ता गर्नुहुँदैन किनभने विकासमा तिनको ठूलो भूमिका रहन्छ । आन्तरिक तथा बाह्य अन्तरविरोधहरूको पारस्परिक सम्बन्ध र अन्योन्यक्रियालाई सही रूपमा मुल्याङ्कन गर्न सकेमा मात्रै वस्तुको विकासले सफलता प्राप्त गर्न सक्छ ।

> **"सामाजिक जीवनमा प्रमुख अन्तरविरोध पत्ता लगाउनु अति जरुरी हुन्छ । यो अन्तरविरोध पत्ता लाग्यो भने समाजका प्रगतिशील वर्गहरु र मार्क्सवादी पार्टीहरुलाई सही नीतिको निर्धारण तथा प्रभावकारी तरिकाले व्यावहारिक कार्यका सङ्गठनमा सघाउ पुग्छ ।"**

**सत्रुतापूर्ण र सत्रुतारहित अन्तरविरोधहरू**

सत्रुतापूर्ण अन्तरविरोध भनेको सबभन्दा पहिले त ती वर्गहरूका बिचको विरोधाभास हो जसका हितहरूमा कट्टर बैरभाव हुन्छ । यस्ता विरोधाभासहरू ज्यादै तीव्र र स्पष्ट हुन्छन् जुन वर्गहरूको जीवनको अवस्था र उनीहरूको उद्देश्य तथा कार्यमा पूर्ण विपरीतताको द्योतक हुन्छ । यस्ता अन्तरविरोधहरूको महत्वपूर्ण चरित्र के हो भने तिनलाई त्यो सामाजिक व्यवस्थाको घेराभित्र समाधान गर्न सकिँदैन जुन व्यवस्थाको निम्ति ती स्वाभाविक हुन्छन् । सत्रुतापूर्ण अन्तरविरोधहरू गर्रिंदै र तीव्र हुँदै जान्छन्, जसले गर्दा प्रायशः भीषण संघर्ष र मुठभेड उत्पन्न हुन्छ । सामाजिक क्रान्तिद्वारा मात्र यस्ता अन्तरविरोधहरूलाई हटाउन सकिन्छ ।

पुँजीवादी समाजमा बुर्जुवावर्ग र सर्वहारावर्ग बिचको अन्तरविरोध विशेष तीव्र र गहन हुन्छ । पुँजीपतिवर्ग र सर्वहारावर्गको बिचको विरोधाभास समाजमा तिनीहरूको वस्तुगत स्थितिले नै पैदा गर्दछ । उत्पादनका सबै साधनहरूमाथि बुर्जुवावर्गको स्वामित्व कायम रहन्छ, जसले गर्दा समाजले उत्पादन गर्ने भौतिक मूल्यहरूको ठूलो हिस्सामा पनि यसै वर्गले अधिकार जमाउँछ । बुर्जुवावर्ग र सर्वहारावर्गका हितहरू पनि परस्पर विरोधी हुन्छ ।

बुर्जुवावर्ग आफ्नो प्रभुत्व सदासर्वदा कायम रहोस् भन्ने चाहन्छ भने सर्वहारावर्ग चाहिँ शोषणबाट मुक्त हुन प्रयत्नशील रहन्छ । यसैको परिणामस्वरूप उनीहरूको बिचमा भीषण वर्गसंघर्ष छेड्छ, जसले समाजवादी क्रान्तिलाई जन्माउँछ । यसप्रकारले वर्गसंघर्ष र समाजवादी क्रान्ति पुँजीवादी व्यवस्थामा सत्रुतापूर्ण अन्तरविरोधलाई निराकरण गर्ने विशेष रूपहरू हुन् ।

क्रान्तिकारी शक्तिहरूको सबभन्दा पहिले त मजदुरवर्ग तथा किसानहरूको संयुक्त प्रयासद्वारा प्रतिक्रान्तिकारी शक्तिहरूको प्रतिरोध दबाएर यो अन्तरविरोधको समाधान गरिन्छ । राष्ट्रिय-जनवादी क्रान्तिको सन्दर्भमा यो अन्तरविरोधको समाधान हुन थाल्दछ । समाजवादी क्रान्तिको क्रममा यो प्रक्रिया पुरा हुन्छ ।

सत्रुतारहित अन्तरविरोधहरू त्यस्ता अन्तरविरोध हुन्, जुन त्यस्ता वर्गहरू र सामाजिक समुदायहरूका बिचमा विद्यमान हुन्छ । जसका मुलभूत र प्रमुख हितहरूमा समानता रहन्छ । यस्ता अन्तरविरोधहरू सामाजिक क्रान्तिद्वारा नभएर विस्तार-विस्तारै निराकरण गरिन्छन् । जस्तो मजदुरवर्ग र कृषकवर्गका बिचको अन्तरविरोध यस्तै किसिमको हुन्छ । पुँजीवादी व्यवस्थामा सहरले गाउँको शोषण गर्दछ र सहरप्रति किसानको द्वेषभाव कुनै हदसम्म मजदुरवर्गमाथि पनि फैलिएको हुन्छ । किसानहरूको आफ्नो सम्पत्ति हुन्छ र यी कुराहरूको संरक्षण होस् भन्ने उसको इच्छा हुन्छ तर मजदुरको आफ्नो सम्पत्ति हुँदैन ।

**प्रमुख र गौण अन्तरविरोधहरू**

अति सरलदेखि लिएर ज्यादै जटिलतम् सबै वस्तुहरू र घटनाहरूमा एकै समयमा एउटै मात्र नभएर अनेकौं अन्तरविरोधहरू सन्निहित हुन्छन् । अन्तरविरोधहरूको यी विविधतामा नअल्मलिनका लागि तिनमध्ये प्रमुख र निर्णायक अन्तरविरोध पत्ता लगाउनु जरुरी हुन्छ । प्रमुख अन्तरविरोधले विकासमा मुख्य र अग्रणी भूमिका खेल्दछ । त्यसले अरू सबै अन्तरविरोधहरूमा असर पार्दछ । परमाणुहरूको संयोजन र वियोजनका बिचको अन्तरविरोध रासायनिक प्रक्रियाको प्रमुख र निर्णायक अन्तरविरोध हो । त्यस्तै, उपाचयन-क्रियाको विरोधाभासपूर्ण चरित्र नै जैविक प्रक्रियाको प्रमुख अन्तरविरोध हो इत्यादि ।

सामाजिक जीवनमा प्रमुख अन्तरविरोध पत्ता लगाउनु अति जरुरी हुन्छ । यो अन्तरविरोध पत्ता लाग्यो भने समाजका प्रगतिशील वर्गहरू र मार्क्सवादी पार्टीहरूलाई सही नीतिको निर्धारण तथा प्रभावकारी तरिकाले व्यावहारिक कार्यका सङ्गठनमा सघाउ पुग्छ ।

आन्तरिक र बाह्य, सत्रुतापूर्ण र सत्रुतारहित प्रमुख र गौण अन्तरविरोधहरूको बिचमा कुनै जब्बर पर्खाल छैन । वास्तविक जीवनमा तिनीहरू आपसमा जोल्टिएका हुन्छन् र एउटाले अर्कोको ठाउँ लिन सक्छन् । विकासमा प्रत्येकको आफ्नै भूमिका रहन्छ । तसर्थ, प्रत्येक अन्तरविरोधको विश्लेषणमा निश्चित तरिका अपनाउनुपर्छ अर्थात् त्यो अवस्थालाई ध्यानमा राख्नुपर्छ जहाँ त्यो अन्तरविरोध (समस्याको जरो) उत्पन्न हुन्छ । त्यसले कस्तो भूमिका खेल्छ भन्ने कुरा बुझ्नुपर्दछ र मात्र हरेक अन्तरविरोधहरू वैज्ञानिक रूपमा समाधान गर्न सजिलो हुन्छ ।

---

## नोटबन्दीका विरुद्ध ...

व्यवस्था मिलाउन अपील गर्दै नेपालीहरूलाई आर्थिक नोक्सानीबाट बचाउन तत्काल कदम चाल्न अपील गर्दछौं ।"

नोटबन्दीले नाकाबन्दीजस्तै नेपाली जनजीवनलाई मारमा पारेको भन्दै समाजले विवेकहीन र गरिब जनताप्रति संवेदनहीन निर्णय भएकोले नोटबन्दी तत्काल फिर्ता लिन उसले माग गरेको छ ।

नोटबन्दी भारत र नेपालका गरीब जनतामाथिको हमला ः शर्मा

दिल्ली । २५ नोभेम्बरमा हिन्दी भाषामा एक विज्ञप्ती जारी गर्दै नेपाली एकता समाज भारतका महासचिव विष्णु शर्माले मोदी सरकारको नोटबन्दीको घोषणा भारत र नेपालका गरिब जनतामाथिको हमला भएको जनाएका छन् । उनले विज्ञप्तीमा भनेका छन्, "नोटबन्दीको घोषणाले भारतका गरिब जनतालाई बर्वाद पारिदिएको छ भने साना व्यापारीहरुको ढाड भाँचिदिएको छ । करोडौं नागरिकहरु रातारात सडकमा आउन वाध्य भएका छन् । र, यो निर्णयले भारती मुद्राप्रति जनताको विश्वास पूरै गुमेको छ ।"

नोटबन्दी फिर्ता गराउन दबाब दिने हिसाबले समाजले भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायलाई भेटी भारतमा बस्ने नेपालीहरुलाई परेको असरबारे अवगत गराएको र राजदूतमार्फत् भारतीय सरकारलाई नोटबन्दी फिर्ताका निम्ति पहल गर्न दबाब दिएको विज्ञप्तीमा उल्लेख गरेको छ ।

नोटबन्दीको कडा शब्दमा विरोध जनाउँदै समाजले तत्काल नोटबन्दी फिर्ता नलिए करोडौं गरिब, मजदुर, किसानहरु सडकमा निस्कन बाध्य हुने र त्यसले आन्दोलनको स्वरुप लियो भने मोदी सरकार बढारिने पनि समाजले चेतावानी दिएको छ ।

---

◆ झर्रोटर्रो  कैलुब्राह

## सावित्ति बयान

हाम्ले आफ्नो तलब भत्ता बढाउने निर्णय के गऱ्याथ्यौँ, ओहोहोहो.....नि हुनसम्म भो यो दुनियाँलाई । कति साह्रो खेदेको होला नि हाम्लाई । खेद्नुको पनि त हद हुन्च । यी पत्रकार हुन् कि के जाति अलपत्रकार हुन् तिनले पनि हाम्लाई खेदेका छन् । लेखक बनेका ठेट्नाहरूले पनि हाम्लाई नै खेदेका छन् । कार्टूनिष्टहरूको त झन् के कुरा गर्नु । हाम्लाई बङ्गाएर टङ्गाएर कुरूप बनाएर राक्षसै बनाए त बा । हाम्रा भोटर मनुवाहरूलाई उचाल्नसम्म उचालेर हाम्रा विरुद्ध खनिन पो लगाउन थाले त गाँठे हो । यो फेसबुक, टुइटर केके जाति नामका सामाजिक सञ्जालहरूमा त झन् तीन त्रिलोक चौधै भुवनबाट हाम्रा विरुद्ध तथानाम लेखेर उखरमाउलो नै मच्चाएका पो छन् त हौ । यो गुगल र फेसबुक चलाउने मान्छे काँको जन्तु हो त्यसलाई पो ठिक पार्नु पर्च कि क्या हो । सबैलाई निशुल्क फेसबुक टुइटर खोल्न दिएर हाम्रा विरुद्ध मनुवाहरूलाई उचाल्न सजिलो पो बनाइदियो त गाँठे । भुसुक्कै डलर लाग्ने बनाइद्या भे त यतिसाह्रो खेद्ने बाटो त खुल्ने थे'न ।

पैलापैला त पत्रिका मात्रै हुन्थ्यो, त्यो पनि सरकारी मात्र हुने भेकाले हामी सरकारी मान्छेको जथाभावी लेख्न पाउन्नथ्यो । पत्रिका जसले पायो त्यसलाई खोल्न दिँदा यी पत्रकार नामका जन्तुहरू बर्खेच्याउ झैँ उम्रिएका छन् । तैतै पत्रिका पढ्ने मनुवा धेरै त हुन्नथे । रिरिबाजा र टिलिभिजनले हैरान त पारेकै थ्यो' । हुँदा हुँदा अहिले यो अनलाइन खोल्न दिएर त तीन त्रिलोक चौधै भुवनमा जात्रा देखाउने पो भए त । कहीँबाट पनि टालटुल पारेर छेक्न नसकिने भयो । आर्कोचोटी चुनाउमा भोट क्यारी माग्ने होला । अप्ठ्यारै पो पार्नथाले त यी साइँदुवाहरूले । केही त गर्नु पऱ्यो हो साथी हो । आफ्नो हातमा डाडुपन्यु भएपछि कुन् मनुवा चोखो हुन्च आफ्नो भाग ठूलो नबनाउने ? चुनाउ लडेर ह्याँ आ'को त खान, मोज गर्न, विदेश भ्रमण गर्नलाई त हो । जे काम गर्न आ'को हो त्यो पनि गर्न नपाउनु ? कस्तो अचाक्ली हो ?

कत्रो खर्च गरेर चुनाउ लड्नु पर्च । कसैकसैले त घरबारी नै बेचेर आ'का छौँ । चुनाउमा यिनै खोइरो खनेर विरोध गर्ने मनुवाहरूलाई अनेक जाति ख्वाउनु पर्च । पैसा नदिएसम्म कार्यकर्ता पनि डेग चल्दैनन् । पत्रकार भनाउँदाहरूलाई विज्ञापन दिएर प्रचार गराएकै हुन्चौँ । एफएम रिरिबाजा, टिभि, पत्रपत्रिका सबैले पैसा घिचेकै त हुन्चन् । ऐले विरोध गर्नेले त्यतिबेला नघिच्नु नि । उता भोटर मनुवाहरूलाई जात र दर्जाअनुसार खसी, कुखुरा, राँगा ढालेकै हुन्चौँ । अलि भद्रभलाद्मी भनाउँदा र कर्मचारी अफिसरहरूलाई पनि ककटेलको व्यवस्था गर्नु परेकै छ । लोकल ठर्रादेखि ठूल्ठूला विदेशी रङ्गिन झोलसम्म घिचाउन पर्च । त्यो सबै खर्चपर्च हाम्ले के तिनका बाउको सम्पती बेचेर गरा'छम् र ? एउटाको पैसा खाएर आर्कालाई भोट हाल्ने पनि यिनै मनुवाहरू त हुन्चन् नि । हाम्ले पनि तिनको पोल साँच्चै खोल्दिम् त, के हुन्च यिनको हविगत । बड हाम्रो विरोध गर्ने भा'का भाते मनुवा । चुनाउका बेला खुबै बहिष्कारवादी बनेर बाकसलाई घनले हानेर हाम्लाई दलाल र सलाल भन्ने, केके जाति र'का एजेन्ट भन्ने तर भित्रभित्रै पैसा खानेहरूले त अब लोकतन्त्रको बिरोध गरेर बाँच्न सकिने रैनच भनेर हामीसितै मिल्न आए । आखिर पैसा त सबैलाई चाइने रैच नि त । जे होस् ढिलै भए पनि बुद्धि फिरेकोमा उनीहरूलाई पनि धन्यावाद छ । आर्को पाली दुईचार जानाले अलिअलि कलो त तिन्ले पनि भेटाउलान् ।

सत्ता भनेको सक्नेले भूँडी फुटुञ्जेल खाने, घिच्ने, लुट्ने, ठग्ने, ढाँट्ने, उधुमपत्ताल मच्चाउने साधन त हो । अझ लोकतन्त्रमा त झन् पालैपालो शक्ति हुनेले मिलिजुली खाने कुरा न हो । ठोकतन्त्रमा एउटै दलले, दल पनि नभनौँ क्यारे एउटै गुटले लुटिरहने व्यवस्था भएकाले हामी सबै मिलेर लोकतन्त्र ल्या'का हौँ । माउवादीले पनि अर्को प्रकारको के जाति सर्वहारा वर्गको ठोकतन्त्र ल्याउन खोज्या'थ्यो र त उसलाई पनि लोकतन्त्रमा झारेर हाम्रै कित्तामा सामेल गरा'छौँ । त्यै भ'र ऐले उसलाई पालो द्या छौँ । कि कसो साथी हो ? (सबैले हो हो भनेर टाउको हल्लाउँचन्) सके उनीहरूले पनि खाए हुन्च, कस्ले छेक्या छ र ? कसैले बहिष्कार गरेर बाहिरै बस्ने । कसैले भोटर मनुवाहरूलाई पेटभरी ख्वाउन नसकेर हार्ने । क्वै रमिते बनेर बस्ने । अनि ऐले अर्काको डाहा गरेर विरोध गर्ने ? विरोधको पनि सीमा हुन्च नि । सिमै नाघेर नाङ्गै पार्दिने हाम्लाई । कस्ता असत्ती मनुवा हुन् । हाम्ले मात्रै सत्ताको ढुकुटी घिच्या त छैनौँ नि । रित्याएर डङ्ग्रङ्गै पाऱ्या पनि त छैनौँ । हाम्ले खाने जति त विदेशी दाताहरूबाट भिख मागेर केही ऋण, केही अनुदान भनेर थुप्रै पैसा ल्याका पनि त छौँ ।

हाम्ले मात्रै बढि पैसा खा'का त छैनौँ नि । साउनदेखि पुलिस, सेना, मास्टरहरू र कर्मचारीहरू सबैलाई एकैचोटी २५ प्रतिशत बढाइद्या छौँ । तिनीहरूले पनि घिचेकै त छन् । यी पत्रकार भनिने जन्तुहरूलाई पनि न्युनतम पारिश्रमिक भनेर तोकिदिएकै छौँ । आफ्ना मालिकसँग झारेर खान सक्नु परो नि । ब्यापारी उद्योगीहरूलाई पनि महङ्गी बढाउन रोक्या छैनौँ । तिनले पनि सकेजति मालको मोल बढा'र घिचे हुन्च । घिचेकै त छन् । अझ बेलाबेलामा कैले नाकाबन्दी, कैले नोटबन्दी गरेर हाम्रा परम् पूज्य सत्तादाता, दानापानीदाता महामहिम गुज्जर भैयाले सहयोग गरेकै छन् । नाकाबन्दी र नोटबन्दीको मौका छोपेर उद्योगी ब्यापारीलाई महङ्गी बढाउन, गुप्त ब्यापार गर्न कति सहज भा'छ । त्यो गुन बिर्सने ?

जहाँसम्म भोटर मनुवाहरूको कुरा छ उनीहरूलाई पनि आफ्ना छौँडाछौँडीलाई विदेश पठाऊ र रेमिट्यान्स घिचेर आरामसँग बस भनेकै त छौँ । तिनलाई यो उत्तरआधुनिक जमानामा पनि सतिपुर्खे तरिकाले खेतीपाती गर्न कल्ले भन्या छ ? उमेर मिलेका तन्नेरी जतिलाई विदेश पठाउने, अनि उमेर कटेका जति गुज्जर भैयाका देशतिर जाने । त्यता जान भिसाउसा बनाउन नि पर्दैन । उमेर र पढालेखाको कुनै साठीपिकेट देखाउन नि पर्दैन । उतैतिर जाने र कसैका भाँडा माझ्ने, चौकीदारी गर्ने, कोठीमा बसेर केटाटीको स्याहार सुसार गर्ने गरे हुन्च । क्यै गर्न नसक्ने पनि तिर्थाटनतिर गएर मन्दिरमा बस्ने भगवानको प्राथना गरेर काल ढुकेर बसे पनि त हुन्च । यता हाम्लाई कस्ले भोट हाल्देला भनेर चिन्ता किन लिनु परो र ? गुज्जर भैयाले अङ्गिकृतवाला पठाइहाल्चन् नि । त्यसको व्यवस्था हामी आफै मिलाइहाल्चम् । हाम्रो कुरा यै हो । अब उप्रान्त कसैले पनि हाम्रो खानपिनमा डाहा नगर्ला । सबैलाई बाँच्ने आधार हामीले यै बयानमा दिइसक्या छम् । आगे पशुपतिनाथले सबैको कल्याण गरुन् । 'जय नेपाल' ! 'लालसलाम' ! 'अभिवादन' ! 'जय देश जय नरेश' ! 'जय मधेश' ! 'जय जनजाति' ! लौ जा ।

भवदीय
माननीय ५९५
गफाडीभवन, न्यू बानेश्वर, काठमाडौं, नेपाल
८ मङ्सिर २०७३
kailubraha73@gmail.com

# फिडेल क्यास्ट्रो क्युबा क्रान्तिका नायकको महाप्रस्थान



केशरमणि कट्टुवाल

क्युबाली कम्युनिस्ट क्रान्तिका नायक, पूँजीवादी विश्वका समाजवादी नेता, अमेरिकी साम्राज्यवादविरुद्ध जीवनपर्यन्त संघर्ष गर्ने योद्धा, क्रान्तिकारी आदर्शवान नेता फिडेल क्यास्ट्रो अन्ततः संसारबाट बिदा भएका छन् । सुन्दर क्यारेबियन राष्ट्र क्युबामा समाजवादको झण्डा फहराउने साहसी साम्राज्यवाद विरोधीी योद्धा क्यास्ट्रोको अबसानले अब त्यस देशको राजनीतिक दिशा कतातिर लैजान्छ भन्ने अहिले नै भन्न कठिन छ। तर, उनका भाई राहुल उनीभन्दा अमेरिकासँग केही उदार देखिदै आएका छन्। केही महिनाअघि अमेरिकी राष्ट्रपति बाराक ओबामाले क्युबाको भ्रमण गरेर राहुललाई फरक सोच र विचारका साथ अघि बढ्न दिएको सुझावप्रति फिडेलले कडा जवाफ दिएका थिए। उनका भाइ तथा वर्तमान राष्ट्रपति राहुल क्यास्ट्रोले आफ्ना दाजु फिडेलको ९० वर्षको उमेरमा निधन भएको राष्ट्रिय टेलिभिजनमार्फत जानकारी गराए।

राहुलले भने, 'क्युबाको क्रान्तिका सर्वोच्च कमान्डर तथा पूर्वराष्ट्रपति क्यास्ट्रोको शुक्रबार राति १०:२९ बजे निधन भएको छ ।' फिडेल क्यास्ट्रोले सन् १९५९ मा अमेरिका पक्षधर फुल्गेन्सियो बाटिस्टा सरकारविरुद्धको क्युबामा क्रान्तिको नेतृत्व गर्दै जित हासिल गरेका थिए। क्यास्ट्रोका समर्थकले उनले क्युबालाई जनताका लागि फिर्ता गराउने महान नेताका रुपमा मान्दछन्। सन् २००६ देखि भाइ राहुल क्यास्ट्रोलाई शक्ति हस्तान्तरण गरेका उनले त्यसको दुई वर्षपछि सन् २००८ मा राष्ट्रपतिको पद हस्तान्तरण गरेका थिए। गत अप्रिलमा क्यास्ट्रोले क्युबाली कम्युनिस्ट पार्टीको राष्ट्रिय कंग्रेसको अन्तिम दिन दुर्लभ सम्बोधन गरेका थिए भने १३ अगस्टमा आफ्नो ९० औं जन्म दिनमा भाई राहुल क्यास्ट्रो र भेनेजुएलाका राष्ट्रपति निकोलास माधुरोसँगै देखि सार्वजनिक रुपमा देखा परेका थिए।

**निधनपछि कसले के भने ?**

क्यास्ट्रोको निधनमा विश्वभर र खासगरी समाजवादी, साम्यवादी मुलुकबाट गहिरो दुःख प्रकट गरिएको छ भने सिंगो क्युबा शोकमा डुबेको छ। क्यास्ट्रोको निधन भएकोमा भेनेजुएला, रुस, चीन, बोलिभिया, फ्रान्स, बेलायतसहितका देशबाट गहिरो दुःख प्रकट गरिएको छ। रसियाली राष्ट्रपति भ्लादिमिर पुटिनले फिडेल कास्ट्रोको जीवनको प्रशंसा गर्दै क्युबाली समाजवादी प्रतिमूर्तिको निधन भएकोमा दुःख व्यक्त गरेका छन्। पुटिनले आफ्ना क्युबाली समकक्षी राहुल कास्ट्रोलाई पठाएको शोक सन्देशमा फिडेल कास्ट्रो रसियाको इमानदार र विश्वसनीय मित्र भएको उल्लेख गरेका छन्।

फ्रान्सका राष्ट्रपति फ्राँस्वा होल्यान्डेले क्यास्ट्रो क्युबालीका आशाका केन्द्र भएको तथा केही भने उनले अमेरिका तथा युरोपलाई हेर्ने नीतिका कारण उनीप्रति खुसी नरहेका देखिने गरिएको बताएका छन्।

त्यसैगरी पूर्वसोभियत संघका नेता मिखाइल गोर्भाचेभले क्युबालाई बलियो शक्तिका रूपमा खडा गर्ने क्यास्ट्रो एक निडर एवम् अतुलनीय व्यक्तित्व भएको प्रतिक्रिया दिएका छन् । भेनेजुएलाका राष्ट्रपति निकोलास माधुरोले फिडेल कास्ट्रोलाई क्युवाको धरोहरका रूपमा लिने गरेको जनाउदै उनको निधनले भेनेजुएलाले एक असल र विश्वासी मित्र गुमाएको भन्दै आफू उनको निधनबाट दुःखी बनेको बताएका छन्।

उता, अमेरिकाले भने फिडेलको निधनपछि सन्तोषको सास फेरेको रुपमा अभिव्यक्ति दिएको छ । क्यास्ट्रोको क्यूबाली राजनीतिमा उदयसँगै उनको बारम्बार हत्या प्रयास गरेको अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले 'बर्बर तानशाह' को निधन भएको भन्दै अब क्युबा स्वतन्त्र भविष्यतर्फ अघि बढ्ने विश्वास व्यक्त गरेका छन् । कुनै समय स्पेनको उपनिबेशबाट अमेरिकी उपनिवेश बनेको क्युबलााई साना स्वतन्त्र राष्ट्रको सार्वभौमिकताको रक्षा गर्दै विश्वसामु समाजवादी राष्ट्रको रुपमा चिनाएका फिडेलप्रति अमेरिकी रबैया मृत्यु पर्यन्त पनि लज्जाजनक आउनुले विगत कति जटिल थियो भन्ने प्रष्ट पार्दछ। अमेरिकाले आफ्ना प्रिय नेताको निधनमा शोकाकुल क्युबालीप्रति सान्त्वनाका एक शब्द पनि खर्च नगर्नुले साम्राज्यवाद कति बर्बर हुन्छ भन्ने छर्लंग पनि पारेको छ।

**को हुन फिडेल क्यास्ट्रो ?**

क्युबाली क्रान्तिलाई सफलतापूर्वक नेतृत्व गरेका नेता फिडेल क्यास्ट्रोको निधनसँगै विश्व कम्युनिष्ट आन्दोलनमा एक युगको अन्त्य भएको छ। फिडेल क्यास्ट्रोले संसारका श्रमजीवी जनताका मित्र, साम्राज्यवाद बिरुद्धको विश्व आन्दोलनका नायक रहेरै आफ्नो जीवनको सार्थकता प्रमाणित गरे। संसारमा धेरै यस्ता नेता छन्, जसले सत्तामा पुग्नका लागि मजदुर, किसान, शोषित र उत्पीडित समुदायको प्रतिनिधि भएको नाटक गर्छन् र सत्ताको भऱ्याङ चढिसकेपछि जनतालाई बिचैमा छाडिदिन्छन् । तर क्यास्ट्रो आफ्नो उद्देश्यका अविचलित रुपमा लागि रहे। सहकार्यबाट असम्भव हुने विषयपनि संघर्षमार्फत पाउन सकिन्छ भन्ने विश्वास राख्ने क्युबाका सर्वोच्च नेता कास्ट्रोले करिब ५० वर्षसम्म निरन्तर सत्तामा रहँदा र सत्ता भन्दा बाहिर रहेर पनि आजीवन अमेरिकी साम्राज्यवाद र प्रभुत्ववादलाई चुनौति दिँदै उसकै नाकमुनी समाजवादी सत्ताको झण्डा फहराइरहे।

उनको जन्म सन् १९२६ अगस्ट १३ मा क्युवाको बिरानमा एक मध्यमवर्गीय किसान परिवारमा भएको हो । उनका पुर्खा स्पेनबाट बसाई सरेर क्युवा पुगेका हुन् । उनले हाइटीका उखु किसानमाथि भएको शोषण देखेपछि किसान वर्गका निम्ति संघर्षमा उत्रने चेतना पैदा भयो र उनी वैधानिक र अवैधानिक दुवै किसिमबाट संघर्षमा उत्रने निष्कर्षमा पुगे। फिडेल क्यास्ट्रो सन् १९४४ मा आफ्नो विद्यालयस्तरको पढाई पुरा गरे। उनी त्यसबेला अनुशासित विद्यार्थीको रूपमा पुरस्कृत समेत भए। त्यसपछि उनी कानुन अध्ययनका लागि हवाना विश्वविद्यालय भर्ना भए। सन् १९४० को दशकमा क्युवामा भइरहेको आक्रामक विद्यार्थी राजनीतिकै क्रममा उनी विद्यार्थी राजनीतिमा स्थापित हुन पुगे।



सन् १९४७ मा एक भाषणका क्रममा उनले भने, 'देशको अर्थतन्त्र केही सीमित विदेशीको हातमा छ, युवाहरूले कहिल्यै आत्मसमर्पण गर्न सक्दैनौं ।' त्यसबेलासम्म उनी क्युवामा चर्चाको केन्द्रमा आइसकेका थिए। सन् १९५२ मा उनले आफ्ना भाई राहुललाई समेत साथमा लिएर क्रान्तिको सुरुवात गरे।

सोही क्रममा बासिटट शासनविरुद्ध विद्रोह गरेका उनको पहिलो विद्रोह असफल मात्रै भएन क्यास्ट्रो दाजुभाई जेल परे । करिव दुई बर्षको जेलपछि सन् १९५५ मा बाँकी जेल सजाय माफी दिने सरकारी समझदारी अनुसार जेलमुक्त गरेर मेक्सिकोमा निर्वासित जीवन बिताउन थाले।

त्यही उनको अर्जेन्टिनामा जन्मिएका अर्का महान् क्रान्तिकारी नेता चे ग्वेभारासँग भेट भयो। सन् १९५६ मा क्यास्ट्रो दाजुभाई र चे ग्वेभारा क्युबाको क्रान्तिलाई पुनः अगाडि बढाउनका लागि क्युबा फर्किए। तीन वर्षसम्म चलेको गुरिल्ला युद्धपछि अन्ततः सन् १९५९ मा बाटिस्टा सरकारलाई अपदस्त गराउँदै सत्ता आफ्नो हातमा लिन सफल भए। सन् १९५९ देखि १९७६ सम्म प्रधानमन्त्री बनेका उनी २ डिसेम्बर २००८ सम्म क्युबाको राष्ट्रपतिको पदमा आसिन हुन पुगे।

फिडेल क्यास्ट्रो सन् १९५९ मा सत्तामा आएपनि उनको चुनौती कम भएन । एकातिर क्युवालाई अग्रगतिको बाटोमा हिँडाउनु र अर्कोतर्फ भर्खरै पराजित अमेरिका समर्थकले उनलाई सत्ताबाट हटाउने कोशिस गरिनै रहे । सन् १९६१ मा उनालाई सत्ताबाट हटाउने कोशिस अनुसार आक्रमण भयो। यसक्रममा हजारौंलाई कैद गरियो भने क्युवाको सम्बन्ध सोभियत युनियनसँग मजबुत बन्यो । सन् १९६१ मा अमेरिकी गुप्तचर संस्था सिआइएको उक्साहटमा क्युवाबाट अमेरिका गई निर्वासित जीवन विताइरहेका क्युवालीहरूको 'वे अफ पिग' द्वारा सञ्चालन गरेको आक्रमणको

> फिडेल क्यास्ट्रोले आफूविरुद्ध हत्यासम्मको षड्यन्त्र गर्ने १० अमेरिकी राष्ट्रपतिलाई सामना गरे तर कहिल्यै क्युबालाई अमेरिकी छत्रछायाँमा पर्न दिएनन् ।

सफलतापूर्वक सामना गरेका थिए।

राजनीतिक रूपमा मार्क्सवादी-लेनिनवादी तथा क्युवान राष्ट्रवादी उनले सन् १९६१ देखि २०११ सम्म पार्टीको नेतृत्व गरेर स्वास्थ्य समस्याका कारण भाई राहुललाई हस्तान्तरण गरेका थिए। त्यसअघि नै उनले सन् २००८ मा राष्ट्रपतिको पद भाईलाई सुम्पिइसकेका थिए । उनको समय क्युबामा एक दलीय व्यवस्था थियो र सबै उद्योग र व्यवसाय राष्ट्रियकरण गरिएको थियो भने राज्यलाई समाजवादी व्यवस्थातर्फ उन्मुख गराइएको थियो । क्यास्ट्रो आफ्ना समर्थकमाझ जनताका नेताका रूपमा चिनिन्छन् भने विरोधिहरूले भने उनलाई आफ्नो वर्चश्व कायम राख्न व्यापक दमनकारी नीति लिएको आरोप लगाउने गर्छन। संघर्ष, अडान, राष्ट्रप्रेम र निरन्तरता कास्ट्रोबाट सिक्न लायक गुणहरू हुन्।

क्यास्ट्रोको जीवन अमेरिकी प्रशासनका लागि सधै तगारो वन्यो । अमेरिकी धेरै राष्ट्रपतिहरूले आफ्नो कार्यकालको लामो समय उनलाई पदबाट हटाउन कसरत गरि नै रहे। कास्ट्रोले दश अमेरिकी राष्ट्रपतिलाई सामना गरे, तर क्युवालाई अमेरिकी छत्रछायाँमा कहिल्यै पर्न दिएनन् । उनले गत वर्ष अमेरिकी राष्ट्रपति बाराक ओबामा क्युवामा गएर दिएको सुझावप्रति व्यंग्य गर्दै लामो पत्र लेखी अमेरिकी राष्ट्रपति ओबामालाई पठाएका थिए । पत्रमा भनिएको थियो, 'अमेरिकाले क्युवाको खुशी हेर्न चाहन्छ भने कुनै दबाब होइन क्युबाको स्वतन्त्रताका लागि काम गर्न विना अवरोध दिए पुग्छ।' क्युवाली जनतालाई फरक सोच र विचारका साथ अघि बढ्न गरेको आग्रहप्रति आक्रोश व्यक्त गरेका उनले १५ पेज लामो पत्रमा अमेरिकाले क्युवालाई कुनै पाठ सिकाउनु नपर्ने चेतावनीपूर्ण शब्दहरू समेटेका थिए।

सन् १९७६ मा उनी क्युवाको राष्ट्रपति बनेपछि अंगोला, इथियोपिया र यमनको कम्युनिष्ट आन्दोलनलाई समर्थन गरेर पश्चिमा शक्तिलाई दबाबमा राख्न सफल भए । तर, आर्थिक कठिनाईका कारण हजारौं क्युवालीहरूले देशभित्र शरणार्थी बन्नुपर्ने अवस्था आयो र दूतावासहरूमा शरणार्थीका लागि कोशिस गरे । त्यसबाट हताश भएका क्यास्ट्रोले शरणार्थी बन्न र देश छाड्न चाहनेहरूका लागि उत्तरी बन्दरगाह खोले । सन् १९९० को दशकमा सोभियत युनियनको विघटनपछि क्युवाको अर्थतन्त्र फेरि एक पटक धराशाही बन्यो । क्युवाले करिब ६ बिलियन डलर बराबरको सहायता गुमाउन पुग्यो । क्युबाका फ्याक्ट्री र कृषि अपांग (प्यारालाईसिस) जस्ता बन्न पुगे। सन् १९८८ मा उनले पोप जोन पाउल द्वितीयसँग भेट गरे। उनले क्युबाको सुधारको पक्षमा छलफल गरेका थिए। यो नै पोपले गरेको पहिलो क्युवा भ्रमण थियो।

एउटा सामान्य किसान परिवारमा जन्मिएर सिंगो क्युवालीको सर्वमान्य नेता बन्ने जुन कष्ट क्यास्ट्रोले उठाए, यसैबाट उनी आम कम्युनिष्टको मस्तिष्कमा बस्न सफल भएका थिए। राष्ट्रपतिबाट बिदा भइसकेपछि पनि सामान्य जीवन बिताइरहेका उनी अन्ततः संसारबाट बिदा भएका छन्। उनको जीवन शैलीले कुनै राष्ट्रवादी र क्रान्तिकारीको जीवनमा भोग बिलास र ऐस आरामको स्थान हुन्न भन्ने प्रष्ट्याउँछ।

**परिवारले साथ छोड्दा जनताको साथ**

क्युबा यतिबेला शोकमा डुबेको बेला उनकै परिवारमा त्यसको कुनै परबाहह छैन भन्दा तपाईलाई अनौठो लाग्न सक्छ। तर वास्तविकता यही नै हो । उनले आफू सन् १९५५ मा जेल पर्दा नै पहिलो पत्नीसँग डिभोर्स गरेका थिए । उनले त्यसपछि पनि परिवारको साथ दिगो रुपमा पाउन सकेनन् । फिडेलकी बहिनी जुवानिता क्यास्ट्रो आफ्नै दाजुको अन्तिम संस्कारमा समेत सामेल नहुने भएकी छन् । उनले भनेकी छन्, 'म फिडेलको अन्तिम संस्कारमा सहभागी हुन क्युबा जाँदैछु भन्ने कुरा निराधार हो । म यो स्पष्ट पार्न चाहन्छु कि म कहिल्यै त्यो द्विपा फर्किने छैन र मेरो कुनै योजना पनि छैन ।' उनले आफूलाई दाजुको निधनमा कुनै शोक र उत्सव नरहेको समेत उल्लेख गर्नुले उनीहरुको सम्बन्ध कति बिग्रिएको थियो भन्ने प्रष्टिन्छ। उनले फिडेललाई सत्ताबाट हटाउनका लागि पटक पटक सीआईएसँग मिलेर काम समेत गरेकी थिइन् । फिडेलकी बहिनी र छोरी नै विरुद्धमा भएपनि भाईले भने उनलाई सधैं साथ दिए।

'टुवार्डस भिक्ट्री, अल्वेज !' क्युबाका राष्ट्रपति राहुल क्यास्ट्रोले राष्ट्रिय टेलिभिजनबाट आफ्ना दाजु पूर्व राष्ट्रपति तथा क्युबाली क्रान्ति नायक फिडेल क्यास्ट्रोको निधनको औपचारिक जानकारी दिँदा यही शब्द प्रयोग गरे। यो विगतको क्युबाली क्रान्तिका समयमा गाइने सामूहिक क्रान्तिगान हो । तर, भावविह्वल राहुलले निकै थर्थराएको स्वरमा यो शब्द उच्चारण गरे।

बाटिस्टा सरकारविरुद्ध संघर्ष गरि अमेरिकाको नाकैमुनी समाजवादी सत्ता चलाउन सफल फिडेल बीसौं शताब्दीका महान् क्रान्तिकारी नेता र सबैभन्दा लामो समय शासन सञ्चालन गर्ने गैर राजपरिवारका व्यक्ति पनि थिए । चुरोटका अम्बली, लामो दाह्री पाल्ने क्यास्ट्रो क्युबालीलाई आफ्नो देश फिर्ता गराउने नायक पनि हुन्। विश्वमा पूँजीवादको दबदबा र रवाफ कायम भएको समयमा समाजवादी सत्ता सफलतापूर्वक सञ्चालन गर्ने जुन कष्ट फिडेलले उठाए, त्यसले नै उनलाई विश्वमा चिनायो। उनले लगातार आधा शताब्दी क्युबालाई नेतृत्व गर्दा १० जना अमेरिकी राष्ट्रपतिले कार्यकाल सकाए। तर ती सबैको उद्देश्य उनलाई सत्ताबाट हटाउनु र हत्या गर्नु रह्यो । यतिसम्मकी उनका परिवारको समेत उनले पूर्ण समर्थन पाउन सकेनन्। तर उनका भाई राहुल क्यास्ट्रो त्यस्ता पात्र हुन् जसले बाटिस्टा सरकारविरुद्धको संघर्षमा दाजुसँगै जेल जीवन बिताए र १९५६ देखि १९५९ सम्मको गुरिल्ला युद्धमा दाजु फिडेललाई मन, वचन र कर्मले सघाए। त्यतिमात्रै होइन उनले फिडेलबिरुद्ध हुने गरेको हरेक षद्यन्त्रलाई असफल पार्न प्रमुख सहयोगीको भूमिका निर्वाह गर्दै अहिले क्युबाको बागडोर सम्हालिरहेका छन्। क्युबाको क्रान्तिको समयमा क्युबाका धेरै परिवार उनको पक्ष र विपक्षमा बाँडिए । त्यसमा फिडेल र राहुलकै परिवार पनि थियो । फिडेलकै बहिनी जुवानिता अमेरिकाको फ्लोरिडामा निर्वासित भइन् र फिडेललाई 'भयानक' व्यक्ति भन्दै उनीविरुद्धका षढयन्त्रमै सामेल भइन्। फिडेलकी छोरी एलिना फर्नाण्डिजले मियामीबाट एक रेडियोबाटै आफ्ना बाबुविरुद्ध कडा अभिव्यक्ति दिइन् । उनले सन् २००७ मा भनेका थिए, 'यदि हत्याबाट बच्ने खेल ओलम्पिकमा सामेल हुन्थ्यो भने मेरो भागमा स्वर्ण पदक हुन्थ्यो ।' यसबाट नै उनले हत्याबाट बच्न कति प्रयत्न गरे, कति षद्यन्त्रको सामना गरे भन्ने कुरा प्रष्ट हुन्छ। उनको हत्याका लागि बहिनीदेखि पूर्वप्रेमिका सम्मलाई प्रयोग गरिएको थियो तर सफल भएन। सिंगो क्युबामा अमेरिका पक्षधर बाटिस्टा सरकारलाई अपदस्त गरी कम्युनिष्ट सत्ता स्थापना गर्ने र पूँजीवादी युगमा रुसी समाजवाद ढल्दा समेत क्युबाको समाजवादलाई टिकाइराख्न उनले धेरै पसिना बगाएका छन्। आफ्नै परिवारबाट साथ नपाउँदा समेत जनताको साथ पाएका उनले विश्व राजनीतिमा अलग्गै पहिचान बनाउँन सफल भएका छन्। सामाज्यवाद र विस्तारवादसँग घुँडा टेकेर लम्पसार पर्नेका लागि क्यास्ट्रोको जीवन महान् शिक्षा बन्न सक्छ। क्युबाली क्रान्ति नायक फिडेल क्यास्ट्रोलाई हाम्रो पनि सलाम।

## आलोपालो

# संविधान संशोधन र उत्पीडितहरुको अधिकार



नगेन्द्र राई

यतिबेला २०७२ असोज ३ गते जारी गरिएको प्रतिगामी संविधान संशोधनको नाममा टाल्ने काम गर्न खोजिदैछ, यसको कुनै औचित्य छैन । किनकि, आन्दोलनरत आदिवासी जनजातिको माग भनेको पहिचानसहितको संघीय संविधान हो । जसमा पहिलो संविधानसभा राज्यपुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले तयार पारेको पहिचान र सामर्थ्यको आधारमा १४ प्रदेश वा सोही संविधानसभाले गठन गरेको राज्यपुनर्संरचना उच्चस्तरीय संवैधानिक आयोगले तयार गरेको पहिचान र सामर्थ्यका आधारमा १० प्लस १ खाका आदिवासी जनजातिको राज्य पुनर्संरचना सम्बन्धी माग हो । त्यसका सीमान्तकृत, अल्पसंख्यक समुदायको स्वशासित क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको व्यवस्थाको माग हो । त्यसका साथै राज्यको सम्पूर्ण अंग र तहमा पूर्ण समानुपातिक, समावेशी प्रतिनिधित्व हो र अल्संख्यक, सीमान्तकृत समुदाय जो अनुपातमा आउन नसक्नेहरुको लागि एक जाति एक प्रतिनिधि राज्यको नीति निर्माण तहमा प्रतिनिधित्व गराउनु पर्छ भन्ने हो ।

प्राकृतिक स्रोत साधनमा अग्राधिकार, पहुँच, भाषिक साँस्कृतिक समानता मुख्य हो । यी मागहरु पूरा गर्नका लागि पहिलो संविधान सभाको निर्वाचन पहिले नै आदिवासी जनजातिसँग २०६४ साउन २२ गते २० बुँदे र २०६९ साल जेठ ९ गते ९ बुँदे सहमति भएको साथै विभिन्न आदिवासी जनजाति तामाङ, थारु, लिम्बूलगायतसँग छुट्टछुट्टै समेत सम्झौता भएको हो । तर यी विगतमा गरिएका सम्झौताहरु पूर्ण रुपमा बेवास्ता गर्दै अन्तरिम संविधान २०६३ भन्दा पनि प्रतिगामी संविधान जारी गरियो । यो संविधानको विरुद्धमा चौतर्फी विरोध आएपछि यो संविधान लागु गराउन संविधान निर्माण गर्ने नेपाली काँग्रेस, एमाले, माकेलगायतलाई गम्भीर चुनौती थपिएको छ । यो संविधान यही अवस्थामा लागु लागु हुने कुनै सम्भावना छैन । त्यसैले यतिबेला सत्तारुढ पार्टीहरु नेका र माकेले चारवटा विषय (१) राज्य पुर्नसंरचना आयोग बनाउने, (२) अंगिकृत नागरिकताबारे (३) राष्ट्रिय सभाको गठन (४) भाषिक आयोग बनाउने विषयमा संशोधन गरी आन्दोलनकारीहरुमाथि प्रस्तुत गरिएको संविधान संशोधनका जुन विषयहरु छन्, त्यसले आदिवासी जनजातिका मुद्धाहरु समेटेको छैन भने मधेसीहरुको पनि मागहरु सम्बोधन गर्दैन । त्यसका साथै श्रमजीवी वर्गको बारेमा केही पनि छैन । यद्यपि मागलाई सम्बोधन गरेको भनि भ्रम फैलाएर संविधान कार्यन्वयन गर्ने दिशामा छ । एमाले यो संविधानमा संशोधनको औचित्य खोजिरहेको छ र उसले यो संविधानको कमा र पूर्णविराम समेत यताउती नगरी हुबहु लागु गर्नुपर्छ भन्ने अडानमा देखिएको छ । र संशोधन विरुद्धमा आन्दोलन गर्ने आफ्नो आन्तरिक पार्टीमा निर्देश गरिसकेको छ । त्यस्तो अवस्थामा सत्तासिन पार्टीले संशोधन प्रस्ताव पनि दर्ता हुन नसक्ने देखिन्छ । भइहाले पनि संसदबाट पास नहुने देखिन्छ । यही अवस्थामा कार्यान्वयन पनि हुने अवस्था नभएपछि अर्को विकल्प भनेको यो संविधानको खारेजी हो । किनकी यो संविधान संशोधनसभाको ९० प्रतिशत सभासदको बहुमतले पास गरेको भनिएपनि यो जनअनुमोदित छैन । जनताको पक्षमा छैन । उत्पीडित समदुदायको पक्षमा छैन, अग्रगामी छैन, विगतमा भएको १० वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, आदिवासी जनजाति आन्दोलन, मधेसी विद्रोहलगायत विभिन्न वर्ष समूदायले गरेको आन्दोलनका मागहरु समेटिएको छैन र जनताले अस्वीकार गर्दै यसलाई जलाई सकेको र यसका विरोधमा मधेसमा ५ दर्जन भन्दा बढी जनताको सहादत भइसकेको र यो जनताको रगतले लतपतिएको जनताको संविधान कुनैपनि हालतमा हुन सक्दैन । अहिले पनि सयौं आन्दोलनकारी थारुहरुलाई झुठा मुद्धामा फसाएर जेलमा राखिएको छ । उत्पीडित जाति वर्ग माथि दमन गरेरै शासन गर्ने सत्तासिनहरुको अभिष्ठ रहेको छ । यस्तो अवस्थामा संविधान संशोधन होस या नहोस त्यसको कुनै अर्थ रहनेछैन । किनकी यो संविधान तीनै सामन्ती संकीर्ण ब्राम्हणवादी चिन्तन भएका शासकहरुको शासनसत्ता जोगाउनका लागि निर्मित संविधान हो । उनीहरुको सत्ता स्वार्थ र भागवण्डाको खेलमात्र हो । उनीहरुको लेनदेनको कपाली तमासुक जस्तो मात्र हो त्यसैले हामी यो खेलमा लाग्नुको अर्थ छैन । प्रस्तावित प्रस्तावहरु पस भएपनि उत्पीडित जाति वर्गका् पक्षमा हुने छैन । त्यसैले हामीले सम्पूर्ण उत्पीडित जाति र वर्गको सशक्त आन्दोलनको बलबाट प्रतिगामी संविधानको खारेजी गरी संघीय जनगणतान्त्रिक संविधानले मात्रै जनअधिकार स्थापित गर्न सक्दछ । तर कैंयौं हाम्रा साथीहरुले हाम्रा मुद्दाहरुलाई सत्तारोहणको भऱ्याङ बनाउने, चुनावको मुद्दा बनाउने, आफ्नो पार्टीको आकार विस्तार गर्ने खेलका रुपमा लिने खालको भइरहेको बुझिन्छ । यदी यस्तै हो भने यो अत्यन्तै गलत हुन्छ । अधिकार प्राप्त नगरी आन्दोलनलाई सम्झौतामा टुंग्याउने कार्य गद्दारी हुन्छ । यसले कुनैपनि आन्दोलनकारीको हितमा हुन सक्दैन । अर्कोतर्फ मधेसी र आदिवासी जनजातिको आन्दोलन राष्ट्रिय स्वाधीनता र वर्ग संघर्ष भन्दा अलगथलग पारेर लाँदा आन्दोलनको सफलता कठिन हुन्छ । त्यसैले अब पहिचान र क्षेत्रीय उत्पीडन आन्दोलनका बारे अवधाराणागत रुपमा नै नयाँ ढंगले छलफल र बहस गर्नुपर्ने देखिन्छ । आदिवासी जनजाति र मधेसीमा हुने उत्पीडन खाली जातीय र क्षेत्रीय मात्रै होइन, वर्गीय पनि हो । त्यसैले अबको आन्दोलन सम्पूर्ण जाति र वर्गको एकतामा मात्र सफल हुने निश्चित छ ।

# रामेछापमा एक दिवसीय अन्तर्क्रिया सम्पन्न

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं



नेकपा (क्रान्तिकारी माओवादी) रामेछापद्वारा 'वर्तमान राष्ट्रिय राजनितिमा राष्ट्रियताको सवाल' विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । मंसिर १० गते सम्पन्न उक्त अन्तर्क्रियामा बिभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, गैरसरकारी संथा महासंघ, वार एशोसियसनका अगुवा ब्यक्तित्वहरुले आ-आफ्नो धारणा राखेका थिए । देशको राजनीतिक अस्थिरताले बैदेशिक हस्तक्षेप बढ्दै गईरहेको र पटक पटक नेताहरुको आफ्नो स्वार्थले क्रान्तिमा धोका भएकोले राष्ट्रियता धरापमा पर्न गएको धारणा ब्यक्त गरेका थिए । वक्ताहरुले आयोजक क्रान्तिकारी माओवादीलाई राष्ट्रियताको बिषयलाई लिएर जनता माझ जान सुझाव दिएका थिए ।

कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी) को केन्द्रीय सदस्य गगनले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा उभिदै देश र जनताको हितको निम्ति फेरि नयाँ संघर्ष आबश्यक रहेको र राष्ट्रियताको जगेर्णा गरिब मजदुर किसानले मात्र गर्न सक्ने धारणा व्यक्त गरे । रामेछाप प्रचार बिभाग प्रमुख विजय पोखरेलले कार्यक्रमको संचालन गरेका थिए ।

# क्रान्तिकारी माओवादीको सूर्योदय नगर समिति गठन



**इलाम** । नेकपा (क्रान्तिकारी माओवादी) ले संगठन पुनर्गठन एवं विस्तार कार्यलाई द्रुत रुपमा अघि बढाएको छ । सोही क्रममा इलाम जिल्लाको सूर्योदय नगर समिति गठन भएको छ । सूर्योदय नगरपालिकाको सभाहलमा भएको एक भेलाले टेकबहादुरर नेपालको संयोजकत्वमा १५ सदस्यीय नगर समिति गठन गरिएको हो । समितिको सदस्यहरुमा कमल रिजाल, तोयानाथ घिमिरे, कृष्ण रिजाल, सुवास तामाङ, रमेश गिरी, विजय भुजेल, खम्बासिंह महतलगायत रहेका छन् । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सचिवालय सदस्य सिताराम तामाङलेप्रशिक्षणात्मक मन्तव्य राखेका थिए । उनले पार्टीले सशस्त्र विद्रोहको कार्यनीति लिएकाले त्यसका लागि तयार रहन निर्देशन दिए । त्यसैगरी जिल्ला पार्टीका संयोजक रुद्र साम्पाङले पार्टीको नीति कार्यक्रम र विधानलाई पालना गर्दै अगाडि बढ्न निर्देशन दिए । कार्यक्रममा जिल्ला सदस्यहरु विवि राई तथा भीम खड्का लगायतले शुभकामना दिएका थिए ।

# बुद्धिजीबीले राष्ट्रिय भेला पुसको तेस्रो हप्ता गर्ने

**काठमाडौं** । नेकपा (क्रान्तिकारी माओवादी) निकट राष्ट्रिय क्रान्तिकारी बद्धिजीबी संगठन, नेपालले पुषको तेस्रो हप्ता राष्ट्रिय भेला गर्ने जनाएको छ । हालै संगठनका अध्यक्ष हुकुमबहादुर सिंहको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको जानकारी प्राप्त भएको छ । बैठकले भेलाको मिति, समय र स्थान सम्बन्धित प्रतिनिधिलाई पछि जानकारी गराइने पनि निर्णय गरेको छ ।

यसैबीच नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा.जगदिशचन्द्र भण्डारीले एक विज्ञप्ति जारी गर्दै संगठनबाट केही व्यक्तिहरु अन्य पार्टीमा गएको भन्ने समाचारबाट भ्रममा नपर्न सबैलाई अपील गरेका छन् । उनले संगठन हित वपरीत काम गरेकोले भगवानचन्द्र ज्ञवालीलाई यस अगाडि नै संगठनले कारबाही गरिसकेको जनाएका छन् ।

# क्रान्तिकारी माओवादी बाजुरामा ध्रुवीकरण तीव्र

◆ **वर्गदृष्टि संवाददाता**/बाजुरा

बाजुरा जिल्लामा विभिन्न पार्टी परित्याग गरेर नेकपा (क्रान्तिकारी माओवादी) मा प्रवेश गर्नेको लहरै चलेको छ । प्राप्त समाचार अनुसार माओवादी केन्द्रको केन्द्रीय सदस्य दलबहादुर बढुवाल क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् भने नयाँ शक्ति नेपालका जिल्ला सचिवालय सदस्य जीवन साउद, नयाँ शक्तिकै जिल्लाका किसान अध्यक्ष रमेश विक, एमालेका सक्रिय सदस्यहरु पदम बढुवाल, चन्द्र बढुवाल, शेरबहादुर बढुवाल, सन्टो बढुवाल, राजबहादुर बढुवाल, नवीन बढुवाल, अन्गो बढुवाल र गोरखबहादुर बढुवाल प्रवेश गरका छन् । यसैबीच, रमेश विकको संयोजकत्वमा सात सदस्सीय क्रान्तिकारी माओवादी बाजुराको गठन गरिएको छ ।







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं